# लेखापरीक्षण प्रतिवेदन

## मालिका गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मालिका गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/247

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्ष ज्यू,
मालिका गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, गुल्मी।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/247

श्री अध्यक्षज्यू,
मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

**२.१** महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

**२.२** गाउँपालिकाको रु.१ अर्ब ४९ करोड ८३ लाख ४५ हजार लेखापरीक्षण गरिएकोमा रु. ३६ लाख २४ हजार (०.२४ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२४ लाख ३८ हजार प्रतिकृयाबाट फछ्यौंट भई बाँकी बेरुजुमा नियमित गर्नुपर्ने रु. ११ लाख ८६ हजार रहेको छ। गत वर्षसम्मको रु .५ करोड ९३ लाख ४८ हजार बेरुजु मध्ये यस वर्ष रु. १ करोड ६० लाख ३९ हजारको सम्परीक्षण भई बाँकि बेरुजु रु.४ करोड ३३ लाख ९ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४ करोड ४४ लाख ९५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

**२.३** गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मालिका गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**३. अन्य बेहोरा**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, गाउँ प्रमुख र प्रमुख प्रशासकीय अधिकृत मालिका गाउँपालिका, गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९८ | ३९ | ३६,२४,८८५ | ० | ३१ | २४,३८,४१० | ० | ९८ | ८ | ११,८६,४७५ | ० | ११,८६,४७६ | ० | ० | ० | ११,८६,४७६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ५,९३,४७,८०२ | | १,६०,३९,११२ | ४,३३,०८,६९० | | ११,८६,४७५ | ४,४४,९५,१६५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | | यस वर्षको प्रतिकृयाबाट सम्परीक्षण | |
| १ | २०८१/८२ | ४७ | विज्ञापन खर्च | २९,८९५ |
| २ | २०८१/८२ | ९१ | राजश्व बाँडफाँड | ९६,७२४ |
| ३ | २०८१/८२ | ५२ | बढी भुक्तानी | २,३१३ |
| ४ | २०८१/८२ | ६५ | बढी दररेटमा भुक्तानी | ३,९५,६७६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८१/८२ | ७५ | प्राविधिक धारको विद्यालय | १,८९,००० |
| ६ | २०८१/८२ | ४१ | दोहोरो माइन्युट पेश | ६,००० |
| ७ | २०८१/८२ | ४२ | दोहोरो भ्रमण तथा बैठक भत्ता खर्च | ८,७०० |
| ८ | २०८१/८२ | ५३ | दोहोरो खर्च | २,३०० |
| ९ | २०८१/८२ | ४० | जिन्सी निरीक्षण भत्ता | ३६,००० |
| १० | २०८१/८२ | ५५.३ | गाउँपालिका प्रशासकीय भवन निर्माण: | ४,५०,६४८ |
| ११ | २०८१/८२ | ५४ | खर्चको पुष्टयाई | २,०१,९३० |
| १२ | २०८१/८२ | ३.७ | एकीकृत वार्षिक प्रतिवेदन | १,००,१०९ |
| १३ | २०८१/८२ | ६३.४ | उपभोक्ता समितिः | २,२३,३३० |
| १४ | २०८१/८२ | ९३ | आय ठेक्कामा मूल्य अभिवृद्धि कर | २९,५९२ |
| १५ | २०८१/८२ | ३०.२,३०.4,३०.५ र ३०.६ | आन्तरिक लेखापरीक्षणतर्फ | ४७,०१४ |
| १६ | २०८१/८२ | ५६.२ | अर्जेबेशी सामूदायिक भवन निर्माण | ५,८५,१७९ |
| १७ | २०८१/८२ | ७७ | अतिरिक्त कामकाज गरेको भत्ता | ३४,००० |
| | | | **जम्मा** | **२४,३८,४१०** |
| | | | **विगत आर्थिक वर्षको सम्परीक्षण** | |
| १८ | २०८०/८१ | ४७ | भुक्तानी वांकीको विवरण | ९,८२,००० |
| १९ | २०८०/८१ | ४०.२ | गैह्र सरकारी संस्था हेफर | २,३९,५४५ |
| २० | २०८०/८१ | २५ | करार कर्मचारी व्यवस्थापन | १८,८३,७०० |
| २१ | २०८०/८१ | ४५.४ | आन्तरिक लेखापरीक्षणको ब्यहोरा | १०,३६६ |
| २२ | २०७९/८० | २३ | सिमलटारी अर्खवाङ्ग सडक | ३,११,८३४ |
| २३ | २०७९/८० | ७.२ | संगठन तथा कर्मचारी व्यवस्थापन | ३६,८६,७२० |
| २४ | २०७९/८० | ४२ | शीर्षक फरक पारी खर्च | २,४३,५१५ |
| २५ | २०७९/८० | ५३ | बार्षिक कार्यक्रम बाहिरको खर्च | ५,०८,३०० |
| २६ | २०७९/८० | ७२ | प्रमाण पेश नभएको | २,८५,००० |
| २७ | २०७९/८० | २५ | नन्फाइलर | १,४१,१४८ |

| | | | | |
|---|---|---|---|---|
| २८ | २०७९/८० | ४१ | कार्यालय संचालन खर्च | ८,८८५ |
| २९ | २०७९/८० | ४०.२ | आलु पकेट विकास कार्यक्रम | १२,००,००० |
| ३० | २०७९/८० | ४४ | अनुगमन भत्ता | ५,८४,७०० |
| ३१ | २०७८/७९ | ३२.२ | उपभोक्ता समितितर्फ | ३६,००,००० |
| ३२ | २०७८/७९ | ३५.२ | आन्तरिक लेखापरीक्षणबाट औंल्याएका वेरुजु | २,३१,५०६ |
| ३३ | २०७७/७८ | १७ | शिर्षक फरक पारी खर्च | ६,८२,९८५ |
| ३४ | २०७७/७८ | ४३.२ | लागत साझेदारीमा भैंसी प्रबर्द्धन कार्यक्रम | ९,३५,४०८ |
| ३५ | २०७७/७८ | 54 | गत वर्षको भुक्तानी | १,४५,५०० |
| ३६ | २०७७/७८ | ५३.१ | का .स.मू .वैठक भत्ता | ३,५८,००० |
| | | | **जम्मा** | **१,६०,३९,११२** |
| **कुल जम्मा** | | | | **१,८४,७७,५२१** |

# मालिका गाउँपालिका, गुल्मी

# ( ८०५५२५०८३०० )

# मालिका गाउँपालिका , गुल्मी

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु एवं स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व तथा पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ८, सभा सदस्य ४४, क्षेत्रफल ९२.४९ वर्ग कि.मी. र जनसंख्या २० हजार ०७५ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०१ देखि २०८२।०५।०४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्यय तर्फ रु.१ अर्व ४९ करोड ८३ लाख ४४ हजार ९ सय ४७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५,६२,४१८.८० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | मालिका प्रा वि लाई पाठ्यपुस्तक वापत वढि भुक्तानी भएको रकम असुल भई संघीय संचितकोषमा दाखिला भएको | ३८७६४.८ |
| २ | एकीकृत मालिका एक घर एक धारा खानेपानी आयोजना र फुलबारी चोरकाटे अर्जे बोमा नेटा भिमघाटे सडकको मर्मत सम्भार म्यानुअल पेश नभएकोले सो वापतको रकम असुल भई पालिकाको आन्तरिक राजश्व खातामा जम्मा भएको। | २०००० |
| ३ | लेखापरीक्षणको क्रममा मिति २०८२।५।२९ मा विभिन्न भौचरबाट दोहोरो बैठक भत्ता, बैठक तथा काज एकै दिन परेको, खरिद इकाई, जिन्सी निरीक्षण तथा योजना अनुगमन समिक्षा बैठक बापत भुक्तानी नमिल्ने रकम लगायत गरी कुल रु. २,९७,०४३.०० असुल भई स्थानीय सञ्चितकोषमा दाखिला भएको छ । | २९७०४३ |
| ४ | लेखापरीक्षणको क्रममा मिति २०८२।६।२ मा विभिन्न भौचरबाट दोहोरो बैठक भत्ता, पदाधिकारी यातायात सुविधा, बैठक तथा काज एकै दिन परेको, बढी भ्रमण खर्च, होटलबास खर्च बापत भुक्तानी नमिल्ने रकम लगायत गरी कुल रु. १,४९,५००.०० असुल भई स्थानीय सञ्चितकोषमा दाखिला भएको छ । | १४९५०० |
| 5 | लेखापरीक्षणको क्रममा द लुम्बिनी निर्माण सेवालाई जोखिम अवधि कभर नहुने बीमा पेस गरेबापत भुक्तानी भएको बीमा रकम रु.५७,१११.०० मिति २०८२।०६।२३ मा असुल भई पालिकाको आन्तरिक राजश्व खातामा दाखिला भएको। | ५७१११ |

२ **एकीकृत वित्तीय विवरण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

| एकीकृत आयव्यय विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आ.व २०८१।८२ | | | | | | | |
| मालिका गाउँपालिका गुल्मी | | | | | | | |
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | ३४१०४६९२३.५७ | ३४१०४६९२३.५७ |
| | क) बैक | ६५९७३४७.९८ | | २ | पूँजीगत खर्च | १५७४४०४५५.४२ | १५७४४०४५५.४२ |
| | ख) धरौटी | १३३१६५८९.४० | | ३ | विभिन्न कोष खर्च | १२८५१८८४.२२ | १२८५१८८४.२२ |
| १ | ग) विभिन्न कोष तर्फको मौज्दात | ६४५९३२३.२८ | २६३७३२६०.६६ | | वित्तिय व्यवस्था भुक्तानी | | |
| | राजस्व ( आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ५६३५५१०.८० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ८५१२३९०४.५९ | | ४ | ग) अन्य भुक्तानी | | |
| २ | ग) अन्य आय | ०.०० | ९०७५९४१५.३९ | | लगानी | | |
| | वित्तिय हस्तान्तरण संघ | | | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ८५०६१५२०.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २८३९८९०००.०० | | ५ | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | १४९३४६५५.०० | | ६ | धरौटी फिर्ता | ८६१४७६. | ८६१४७६. |
| ३ | घ) विशेष अनुदान | ३१३२८२१७.०० | ४१५३१३३९२.०० | ७ | कोष फिर्ता | ०. | ०. |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान | ०.०० | | | मौज्दात | ०. | |
| | क) वित्तिय समानीकरण अनुदान | ५९४३०००.०० | | | क) बैँक मौज्दात | ३२०४०१३.३४ | |
| | ख) सशर्त अनुदान | ८०००००.०० | | | ख) नगद मौज्दात | ०. | |
| | ग) समपुरक अनुदान | ६५६९२९१.०० | | | ग) धरौटी मौज्दात | १९५८७०८९.४ | |
| ४ | घ) विशेष अनुदान | १३८२०००.०० | २१८९४२९१.०० | | घ) कोष खाताको मौज्दात | ८६६९५११.०६ | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ०.०० | ०.०० | ८ | ङ) जनश्रमदान मौज्दात | ०. | ३१४६०६१३.८ |
| | अन्य | ०.०० | | | शसर्त अनुदान फिर्ता | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | ०.०० | | | संघीय अनुदान फिर्ता | २८६७६५१०.३१ | |
| ६ | ख) सडक बोर्ड नेपाल | १५२९९८१.०० | १५२९९८१.०० | ९ | प्रदेश अनुदान फिर्ता | ३५३७७७३.३३ | ३२२१४२८३.६४ |
| ७ | विभिन्न कोषतर्फको आय | १२८७३३२०.६० | २०००५२९६.६० | १० | अन्तर सरकारी अख्तियारी | | २०२२१३७७४. |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धरौटी आय | ७१३१९७६.०० | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७५५०००. | |
| | अन्य विविध आय | ०.०० | | | विद्यालय शिक्षा क्षैत्र योजना | १३३२०००. | |
| | अन्तर सरकारी अख्तियारी | | | | सामाजिक सुरक्षा तथा संरक्षण | १३३०५२७८७. | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७५५०००.०० | | | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २४९५७२२१. | |
| | विद्यालय शिक्षा क्षैत्र योजना | १३३२०००.०० | | | स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | १९२०००००. | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १३३०५२७८७.०० | | | स्थानीय पुर्वाधार विकास कार्यक्रम | २२९१६७६६. | |
| | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २४९५७२२१.०० | | | | | |
| | स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | १९२०००००.०० | | | | | |
| ८ | स्थानीय पुर्वाधार विकास कार्यक्रम | २२९१६७६६.०० | २०२२१३७७४.०० | ११ | अन्य | ०. | ०. |
| | जम्मा | ७७८०८९४१०.६५ | ७७८०८९४१०.६५ | | जम्मा | ७७८०८९४१०.६५ | ७७८०८९४१०.६५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **एकीकृत वार्षिक प्रतिवेदन:**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था भए बमोजिम पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१३,३०,५२,७८७।– एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रू.२,४९,५७,२२१।-, स्वास्थ्य क्षेत्र सुधार

कार्यक्रमको रू.७,५५,000।- , विद्यालय शिक्षा क्षेत्र योजनाको रू.१३,३२,०००।– स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको रू.२,२९,१६,७६६।– स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रको रू.१,९२,००,०००।- समेत गरी रू.२०,२२,१३,७७४।- सुत्रमा लेखाङ्कन भएको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२४,७८८/-, यस वर्षको प्राप्ति रु.२३,४१,५०,९७०.६४,यस वर्षको भुक्तानी रु.२३,४४,२८,०५७.६४ र बैङ्क मौज्दात रु.२,५२,२९९.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गत वर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति(आय)** | **यस वर्षको भुक्तानी (व्यय)** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | २६३७३२६०.६६ | ७५१७१६१४९.९९ | ७४६६२८७९६.८५ | ३१४६०६१३.८० |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन कोष समेत(म.ले.प.फा.नं.२७०) | २६३४८४७२.६६ | ५१७५६५१७९.३५ | ५१२२००७३९.२१ | ३१७१२९१२.८० |
| फरक | २४७८८.०० | २३४१५०९७०.६४ | २३४४२८०५७.६४ | -२५२२९९.०० |

३.४ **धरौटी तथा विविध कोष** - उल्लेखित प्राप्ति र भुक्तानीको विवरणमा धरौटी, विविध खर्च तथा प्रकोप व्यवस्थापनकोषको विस्तृत विवरण वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसुचीमा निम्न बमोजिम रहेको छ।

| संकेत नं. | कोष हिसाबको नाम | यस वर्षको | | | | | गत वर्षको बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | शुरुमौज्दात | प्राप्ति | भुक्तानी | यसवर्षको थप घट | बाँकी | |
| १ | २ | ३ | ४ | ५ | ६=४-५ | ७ | ८ |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | १३३१६५८९.४ | ७१३१९७६. | ८६१४७६. | ६२७०५००. | १९५८७०८९.४ | १३३१६५८९.४ |
| ग २.७ | विविधखर्च खाता | ९४२६४२.४८ | ५८०२९६०. | ३५०००००. | २३०२९६०. | ३२४५६०२.४८ | ९४२६४२.४८ |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | ५२१७८९०.६ | ५८२७२३४. | ५५७२००८.७१ | २५५२२५.२९ | ५४७३११५.८९ | ५२१७८९०.६ |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | २९६६६८.२ | ३४३४०००. | ३७७९८७५.५१ | -३४५८७५.५१ | -४९,२०७.३१ | २९६६६८.२ |
| जम्मा | | १९७७३७९०.६८ | २२१९६१७०. | १३७१३३६०.२२ | ८४८२८०९.७८ | २८२५६६००.४६ | १९७७३७९०.६८ |

३.५

**फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको हिसाव भिडान गरी आम्दानी, खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाले सुत्रमा देखिने मलेपफानं.२७० अनुसार गत वर्ष रू.२,५६,२६,८८९।३५ मौज्दात रहेकोमा यो वर्ष रू.२,६३,४८,४७२।७७ जिम्मेवारी सारेको छ । गत वर्षको मौज्दातमा भएको भन्दा रू.७,२१,५८२।३१ वढि जिम्मेवारी सारेको देखिएकोले सो सम्वन्धमा पालिकाले यकिन गर्नुपर्ने देखिन्छ।

३.६ **राजस्व दाखिलाः** कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनको टिप्पणी ६.२ नगद र बैक मौज्दात मा नगद मौज्दात रु.१,५२,१९०/- देखिएकोले उक्त रकम यकीन गरी बैक दाखिला गरि हिसाब मिलान गर्नुपर्दछ।

३.७ **कर दायित्व** –

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१००,१०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३.८ **बैङ्क हिसाव विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको बर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ । पालिकाले बैंक तथा स्रेस्ता अनुसारको बैंक हिसाब मिलान गरी विवरण अद्यावधिक गर्नुपर्दछ ।

| खाताकोप्रकार | टिप्पणी ६.३श्रेस्ता अनुसार बाकी रु | २०८२ अषाढमसान्तको बैंक स्टेटमेन्ट अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | -१२७४५८.२ | ० | -१२७४५८ |
| ग २.७ विविध खर्च खाता | ३२४५६०२.४८ | ३२४५६०२.४८ | ० |
| ग ३.१ स्थानीय तह धरौटी खाता | १९५८७०८९.४ | १९५८७०८९.४ | ० |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ३३३१४७१.५४ | ३२०४०१३.३४ | १२७४५८ |
| ग ५.१ स्थानीय तह विविध कोष खाता | ५३८६२४७.८९ | ५३८६२४७.८९ | ० |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३७,६६०.६९ | ३७,६६०.६९ | ० |
| | ३१४६०६१३.८ | ३१४६०६१३.८ | ० |

४ **कोषहरुको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन। पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

५ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नु पर्ने र दफा ७३ मा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपाध्यक्षले २०८१।३।१० मा रू.५९ करोड ८४ लाख १३ हजारको बजेट सभामा पेश गरेकोमा २०८१।३।२२ मा पारित भई पालिकाको अध्यक्षले २०८१।३।२६ मा प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । उल्लेखित अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

८ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०८१।८२ मा वडागत र पालिकास्तरका कुल २०९ वटा योजना समावेश भएको छ ।

| रू.१ लाखसम्म | रू.१ लाखदेखी ५ लाखसम्म | रू.५ लाखदेखी १० लाखसम्म | रू.१० लाखदेखी २० लाख सम्मका | रू.२० लाखदेखी ५० लाखसम्म | ५० लाखभन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| ३२ | ११३ | १३ | ११ | ३१ | ९ | २०९ |

उपर्युक्त विवरणअनुसार पालिकाले स-साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा गुणस्तरिय निर्माण कार्य नहुने अवस्था छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्चप्रतिशत<br>जम्माखर्चकोतुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | २०६४९००० | १७८२९२०२ | ३.५६४ |
| २ | पूर्वाधारविकास | १०१०७१६१९ | ८६३९११२१ | १७.२७२ |
| ३ | सामाजिकविकास | ३२५७७०६६८ | २९५८५२५२३.११ | ५९.१५ |
| ४ | बातावरणतथाविकास | ५२००००० | ५०७२९९८ | १.०१४ |
| ५ | संस्थागतविकास, सेवाप्रवाहरसुशासन | ७३६४४००० | ६८१८९९४ | १.३६३ |
| ६ | अन्यकार्यालयसंचालनतथाप्रशासनिक | १००१६२५२६ | ८८१९९६००.१७ | १७.६३४ |
| **जम्मा** | | **५६०२१७८१३** | **५००१६४४३८.२८** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५९.१५ प्रतिशत र वातावरण तथा विकास क्षेत्रमा सबै भन्दा घटीमा १.०४ प्रतिशत रहेको छ । पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

१० **त्रैमासिक खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक प्रगति विवरण प्राप्त भए पछि त्यसको भौतिक तथा वित्तीय पक्षको समिक्षा गर्ने र प्रगति कम देखिएमा सोको कारण पहिचान गरि सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ:

(रु. हजारमा)

| ब.उ.शि.नं./ कार्यक्रमको नाम | जम्मा खर्च रकम | त्रैमासिकअवधिको खर्च रकम | | | | असार महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजीगत खर्च | १५७४४० | १४११० | १३९५९ | ३८४८५ | ९०८८७ | ६६०४३ |
| खर्च प्रतिशत | १००. | ८.९६ | ८.८७ | २४.४४ | ५७.७३ | ४१.९५ |

पालिकाबाट प्राप्त विवरण अनुसार कुल पुँजीगत खर्च रु.१५ करोड ७४ लाख ४० हजारमध्ये प्रथम त्रैमासिकमा ८.९६ प्रतिशत, दोस्रो त्रैमासिकमा ८.८७ प्रतिशत, तेस्रो त्रैमासिकमा २४.४४ प्रतिशत, चौथो त्रैमासिकमा ५७.७३ र असार महिनामा मात्र प्रतिशत ४१.९५ खर्च भएको छ । अन्तिम त्रैमासिकमा बढी खर्च गर्दा निर्माण कार्यको अनुगमनमा कठिनाई हुने र गुणस्तरमा समेत असर पर्न सक्ने हुँदा प्रत्येक त्रैमासिकमा निर्धारित लक्ष्य अनुरुप खर्च गरि भौतिक तथा वित्तीय प्रगति हुनुपर्दछ।

११ **खरिद विधि:**

पालिकाको पुँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिबाट रकम खर्च भएको विवरण पेश भएको छ ।

| खरिद विधि | संख्या | खर्चरकम | खर्च प्रतिशत |
|---|---|---|---|
| खुला बोलपत्र | २० | ९९६०८ | ६३.२७ |
| सिलबन्दी दरभाउपत्र | २१ | २५०३२ | १५.९० |
| सोझै | १० | ६४०० | ४.०६ |
| अमानत | १६ | १३२ | ०.०८ |
| उपभोक्ता समिति वा लाभग्राही समुदाय | १३५ | १९३२७ | १२.२८ |
| गैर सरकारी संस्था | | ६९४१ | ४.४१ |
| जम्मा | **२०२** | **१५७४४०** | **१००.००** |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउन सकिने प्रावधान अनुसार रु.१ करोड ९३ लाख २७ हजारको काम उपभोक्ता समितिबाट र रु.६४ लाखको कार्य सोझै खरिदको माध्यमबाट गरेको छ भने बाँकी प्रतिस्पर्धाको माध्यमबाट गराएको छ । उपभोक्ता समितिबाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नहुने, समितिमा प्राविधिक ज्ञानको कमी हुने र गुणस्तर तथा दिगोपनामा समेत असर पर्न सक्ने हुदाँ उपभोक्ता समितिमार्फत कार्य गराउने परिपाटीमा सुधार गर्नुपर्दछ ।

१२ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.६१ लाख ८७ हजार राजश्व बाँडफाँड र अनुदानबाट रू.५२ करोड २३ लाख ३२ हजार गत आर्थिक वर्षको मौज्दात रू.२ करोड ६३ लाख ७३ हजार समेत रू.५५ करोड ४८ लाख ९२ हजार आम्दानी भएकोमा चालु तर्फ रू.३४ करोड १० लाख ४७ हजार र पूँजिगत तर्फ रू.१५ करोड ७४ लाख ४० हजार समेत रू.४९ करोड ८४ लाख ८७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.८४ लाख ८० हजार खर्च भएको छ जुन आन्तरिक आयको १३७ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजश्व बाँडफाँडको रकमबाट ६८.४२ प्रतिशत चालु र ३१.५८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले देहायअनुसार आर्थिक वर्ष ०८१।८२ का लागि स्वीकृत भएको रू.५९,८४,१३,०९०।- बराबरको ७४९ योजना तथा कार्यक्रम (चालु तथा पूँजीगत) लाई कार्यपालिकाको २०८१।९।२२ को बैठकले निर्णय गरी हिउँदे अधिवेशन २०८१।९।२६ मा कार्यक्रम संशोधन तथा रकमान्तर गरी नयाँ ४३ योजना तथा कार्यक्रममा रू.३,८६,१९,३०३।- रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा ६.४५ प्रतिशत रहेको छ ।

| क्र.सं. | रकमान्तरबाट घटेको | रकमान्तरबाट बढेको |
|---|---|---|
| १ | ३,८६,१९,३०३।- | ३,८६,१९,३०३।- |

अत: योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१४ **मध्यमकालीन खर्च संरचनाः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा

आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

१५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) कार्यालय प्रमुखबाट प्रमाणित गरी गाउँसभा बाट पारित गरि यस वर्षको बजेटमा नियमित र चालु प्रकृतिका कार्यक्रमको समेत भुक्तानी बाँकी समावेस गरी गत वर्षको ९२ कार्यक्रमको रु.१,१८,२३,५०२।- भुक्तानी दिएको छ । त्यस अतिरिक्त पूँजिगततर्फ विभिन्न २२ योजनाको रू.६५,५२,७५६।– गरी रू.१,८३,७६,२५८।- गत वर्षको भुक्तानी भएकोमा पालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणीत भएको आ.व.२०८०।८१ को भुक्तानी दिन बाँकीको विवरण अनुसार बाँकी रू.२,३०,५५,९९८।– देखिन्छ भने हिउँदे सभाको बैठकले रू.१,७५,३७,४११।– मात्र गत वर्षको भुक्तानी दिन बाँकी सदर गरेकोमा भुक्तानी भएको रकम र सभाको सदर भएको रकममा रू.८,३८,८४७।– बढी फरक परेको छ । गत वर्षको भुक्तानी भएको उक्त रकम पालिकाको यस वर्षको कुल खर्चको ३.६९ प्रतिशत रहेको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१६ **भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारीः**

पालिकाले आ.व. २०८१।८२ को योजना तथा कार्यक्रमबाट सिर्जित खर्चलाई मलेपफानं.२२१ बाट खर्च प्रमाणित गराई समयमै प्रमाणित गर्ने निकायबाट प्रमाणित गराई राख्नुपर्छ । यस आर्थिक वर्षमा १५ वटा योजना तथा कार्यक्रमबाट रू.५९,९९,७२५।– भुक्तानी दिन बाँकीको विवरण देखिएकोले सम्वन्धित निकाय वा पदाधिकारीबाट प्रमाणित गरी व्यवस्थित गराउनुपर्छ ।

१७ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी स्वीकृतिको प्रक्रियामा रहेको जानकारी पालिकाबाट प्राप्त भएको छ । ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन:

**बजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

**खरिद व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत

गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी दररेट पुनरावलोकन गरेको देखिएन,

सडक निर्माण र मर्मतको नापि गर्दा कुन ठाउँको सडक हो भन्ने प्रष्ट हुने गरी चेनेज उल्लेख गर्ने गरेको देखिएन।

• रु.२० लाख भन्दा वढिको निर्माण कार्यको अनिवार्य विमा गर्नुपर्ने प्रावधान पालना गर्ने तर्फ ध्यान दिएको देखिदैन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा पालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुने गरी आधिकारिक रुपमा नर्म्सको स्वीकृति र प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन।

**शिक्षा तर्फ**

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको देखिएन,

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन,

• स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको मापदण्ड तयार नगरेको,

• बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

**इन्धन तथा मर्मत खर्चतर्फ**

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भए तापनी सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म.ले.प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको

उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ ।

१८ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ११ नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई कार्यालयमा मौज्दात जिन्सी सामाग्रीको अभिलेखाङ्कन गरेको विवरणमात्र प्राप्त भएको छ । पालिकाले नियमावलीमा उल्लेख भए बमोजिम जिन्सी प्रतिवेदन तयार गरि जिन्सी श्रेस्ता अध्यावधिक बनाउनु पर्दछ ।

• कार्यालयको मिति २०८२।५।२ मा पेश भएको जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्री तथा मर्मत गर्नुपर्ने भनि मालसामान तथा उपकरणहरु लिलाम विक्री तथा मर्मत गरेको देखिएन । आवश्यक प्रक्रिया पुरा गरी पुराना मालसामानको समयमै लिलाम विक्रि तथा मर्मत गर्न सकिने अवस्था भए लिलाम तथा मर्मतको कारबाही चलाउनु पर्दछ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन । अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्वन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण

हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका सम्पत्ति एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६(२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जगाको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याँकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• वर्ष भरिमा मर्मत गरिएका सामाग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामाग्रीको अलग अलग विवरण गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला भएको छैन ।

## १९ कानून र सञ्चालन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले २७ वटा ऐन, ७ वटा नियमावली, ७६ कार्यविधि, ३ निर्देशिका, १ मापदण्ड, १ आचारसंहिता लगायत ११५ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरी लागु गर्नुपर्दछ ।

## २० न्यायिक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी मुद्धाहरू नभएको र यो बर्ष दर्ता भएका १२ वटा मुद्धा मध्ये १० वटा फछर्यौट भएकोमा २ वटा मुद्धा फछर्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र विवाद तथा मुद्धाहरु फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २१ वित्तिय जोखिम मूल्याङ्कनः

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व.२०८०।८१ मा ९६.५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो भने पालिकाले स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनको फाराम भरेको पाइएन । स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कन तथा क्षमता स्व:मुल्याङ्कनको आधार तथा अध्ययन क्रममा पत्ता लागेका जोखिमहरूको अभिलेख राखि नियन्त्रणको लागि पालिकाले कार्य योजना तयार गरी लागु गर्नुपर्दछ ।

## २२ सेवाप्रवाहको स्थिति:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| **स्वीकृतघरनक्सादर्तापास** | लागु नभएको |
| नागरिकता सिफारिस | निवेदन दर्ता – १०५७<br>सिफारिस – ९८१ (प्रतिलिपी सहित) |
| घरबाटो प्रमाणित | ४७९ |
| नाता प्रमाणित | ४७१ |
| **पञ्जिकरणतर्फः** | |
| जन्मदर्ता | ६४० |
| मृत्युदर्ता | २२१ |
| बसाईसराईदर्ता | ९ वटा निवेदन दर्ता भै ३० जनाको दर्ता |
| विवाहदर्ता | २४४ |
| सम्बन्धविच्छेददर्ता | २६ |
| **पूर्वाधार तर्फ विवरणः** | |
| पूर्वाधारविकाससडकनिर्माण | ३ किमि नयाँ ट्र्याक |
| कालोपत्रेसडकनिर्माण | ० |
| कालोपत्रेसडकमर्मत | ० |
| ग्राभेलसडकनिर्माण/स्तरोन्नती | १२ किमि |
| ग्राभेलसडकमर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

## २३ सेवा प्रवाह अभिलेख व्यबस्थापनः

पालिकाबाट सम्पादित सेवा प्रवासेवा प्रवाह अभिलेख व्यबस्थापनः हलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फाराम १०१, १०२ तथा १०७ हरुको व्यवस्था गर्नुपर्दछ । कार्यालयको मुख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष सेवा प्रवाह गरेको विवरण माग भएकोमा उक्त विवरण लेखापरीक्षणको क्रममा पेश हुन आएन कार्यालयले मलेप फाराम भिडान हुने गरी सेवा प्रवाह विवरणको अभिलेख व्यवस्थापन नगरेको हुँदा यस सम्बन्धी विश्लेषण गर्न सकिएन।पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउदै सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फारामको व्यवस्थापन गर्नुपर्दछ ।

पालिकाबाट सम्पादित सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फाराम १०१, १०२ तथा १०७ हरुको व्यवस्था गर्नुपर्दछ । कार्यालयको मुख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष सेवा प्रवाह गरेको विवरण माग भएकोमा उक्त विवरण लेखापरीक्षणको क्रममा पेश हुन आएन कार्यालयले मलेप फाराम भिडान हुने गरी सेवा प्रवाह विवरणको अभिलेख व्यवस्थापन नगरेको हुँदा यस सम्बन्धी विश्लेषण गर्न सकिएन।पालिकाबाट प्रवाह हुने

सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउदै सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फारामको व्यवस्थापन गर्नुपर्दछ ।

२४ **सहकारी नियमनः**

नेपालको संविधानको अनुसूची- ८ मा सहकारी संस्था स्थानीय तहको अधिकार सूची भित्र रहेको छ । यस पालिकाले सहकारी सम्बन्धी ऐन कानून निर्माण गरेको अभिलेख लेखापरीक्षणमा पेश हुन आएन । त्यस्तै सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाहरुको मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ ।

यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकामा कुल १३ वटा सहकारी संस्था दर्ता भै सहकारी संस्था एकिकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध भएको पाईयो। पालिकाले सहकारी संस्था सम्बन्धी कुनै पनि अनुगमन निरीक्षण तथा छानविन नगरेकोले यस सम्बन्धी थप विश्लेषण गर्न सकिएन । संस्थागत सहकारी सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै सहकारीको बर्तमान अवस्थामा सन्चालनमा आएको राष्ट्रव्यापी विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्देश्यप्रति प्रतिवद्ध गराउन पालिकावाट सहकारी संस्थाको पर्याप्त नियमन तथा अनुगमन हुनुपर्दछ ।

२५ **खरिद योजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५ करोड ७४ लाख ४० हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२६ **खरिद कारवाहीको अभिलेख:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२७ **खरिदमा प्रतिस्पर्धा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४६ मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । त्यसैगरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान समेत रहेको छ । पालिकाले पेस गरेको विवरण अनुसार यो वर्ष ४२ नयाँ ठेक्का रहेकोमा ४० ठेक्का सम्पन्न भएका छन । यस वर्षका नयाँ ४२ ठेक्का खरिद सम्झौता गर्दा ४.१ प्रतिशत देखि ६२.११ प्रतिशत सम्म घटीको कबोल अंकमा ठेक्का सम्झौता भएको छ । त्यस्तै सोझै खरिद गर्दा लागत अनुमानकै हाराहारीमा सम्झौता भएको छ भने उपभोक्ता समिति संग लागत अनुमान भएको रकम बराबर नै सम्झौता भएको छ। खरिद कार्य गर्दा मितव्ययी र गुणस्तरीय समेत हुने गरी खरिद सम्झौता गर्नेतर्फ पालिकाको ध्यान दिनुपर्ने देखिन्छ। खरिदमा भएको प्रतिस्पर्धा अवस्थाको उदाहरण निम्न बमोजिम रहेका छन्:

| ठेक्कानं. | काम | प्रकार | लागत अनुमान रकम | सम्झौता रकम | घटीप्रतिशत |
|---|---|---|---|---|---|
| 52-2081/82 | Infrastructure Improve of Marbhung Health Post (Water Supply Works) | W-SQ | ९६६११८. | ९२६४९४.८१ | ४.१ |
| 55-2081/82 | Health Improvement Programe (Chendanda & Chhap HP) | W-NCB | २५०८४७९. | २२२४०१३.९४ | ११.३४ |
| 25-2081/82 | Infrastructure Improvement works of Neta Health Post and Chhaphile Health Post | W-NCB | २५३६८२९.७४ | २२४०१८१.९८ | ११.६९ |
| 51-2081/82 | Construction of Integrated Malika One House One Tap WSSP-P2 | W-NCB | ६७५१८२८. | ५७१२५२९.७५ | १५.३९ |
| 44-2081/82 | Upgradation of Darling Patakharka Dadar Bhimgithe Road-LISP | W-NCB | ६९८०३५३. | ५६६६८४६.४६ | १८.८२ |
| 54-2081/82 | Procurement and Supply of HDPE Pipes, CGI Sheet and Gabion Boxes for Malika Rural Municipality. | G-SQ | १५६७८१८. | १२४६७२९. | २०.४८ |
| 31-2081/82 | Construction of Malika Model Secondary School | W-NCB | ३७०४८३५.२३ | २६२०७६२.४३ | २९.२६ |
| 46-2081/82 | Upgradation of of Daksumare Hul Simaltari Road-LISP | W-NCB | ७७३२७५३. | ४९३८५३४.८५ | ३६.१३ |
| 43-2081/82 | Construction of Alchhayang Tallo Lamdar Irrigation Canal | W-SQ | ११९७५०७. | ७५३३७६.५५ | ३७.०९ |
| 45-2081/82 | Construction of Landslide Protection Work Near ADM Buildings-LISP. | W-NCB | ३९०१६०७. | २४०७२३४.८ | ३८.३ |
| 12-2081/82 | Construction of Phulbari Chorkate Arjai Boma Neta Bhimgithe Sadak | W-NCB | २८८९३३३०.३७ | १७३२१८६३.६८ | ४०.०५ |
| 39-2081/82 | Procurement of Medical Items for Malika Rural Municipality | G-SQ | १२७१४८९.९९ | ४८८९००.२ | ६१.५५ |
| 01-2081/82 | Procurement of Medical Items for Malika Rural Municipality | G-SQ | १९९८२८७. | ७५७१५५. | ६२.११ |
| सोझै खरिद | | | | | |
| Direct | दर्लिङ्गदुनाम पाटाखर्क मो.बा मर्मत | Q-D | ७६५९२६. | ६८९३३३. | १०. |
| Direct | फुलबारीचिसापानि निस्ति देउराली भिमगिठे सडक | Q-D | ९५९८०२. | ९२६५७९. | ३.४६ |
| उपभोक्ता | मालिकामन्दिर परिसर निर्माण | | ४११०९८७. | ४११०९८७. | ०. |
| उपभोक्ता | राम्चेकोप्चे कुतलगाउँ सिद्धकापति मो.वा (LISP सँग साझेदारी) | | २३३८८५०. | २३३८८५०. | ०. |
| उपभोक्ता | छापहिलेसैरेपोखरा सडक मर्मत (सडक बोर्ड | | १४११००२. | १४११००२. | ०. |

२८ **पेश्की रकमको विवरण :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिका बाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्ने

सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२९ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको दायित्व हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.११,५७,४३२।- बाँकी रहेको देखिन्छ । फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्छ ।

| पेश्की लिनेको नाम | मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| विष्णुलक्ष्मी काष्ठ उद्योग | २०८२।३।६ | गाउपालिका प्रशासकीय भवनको इन्टेरियर डेकोरेशन | ५,७८,७१६।- |
| विष्णुलक्ष्मी काष्ठ उद्योग | २०८२।३।१५ | गाउपालिका प्रशासकीय भवनको इन्टेरियर डेकोरेशन | ५,७८,७१६।- |
| **जम्मा** | | | **११,५७,४३२।-** |

३० **आन्तरिक लेखापरीक्षणतर्फः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(१ र २) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र परीक्षणबाट औँल्याइएका कैफियतमा अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय छन् ।

३०.१ **मर्मत संभार तथा संरक्षण आवेदन फारम र अभिलेख खाताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावली २०७७ को नियम ३९ मा भुक्तानीलाई प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ । त्यसैगरी उक्त कार्यको लागि म.ले.प.फा.नं.४१४ र ४१५ व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(३) मा उपकरण वा पार्टपुर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसमान वा उपकरण जिन्सी दाखिला गराई प्रतिएकाई मुल्य ५ हजारभन्दा बढी पर्ने उपकरण वा पार्टपुर्जाको अभिलेख राख्नु पर्ने व्यवस्था छ । तर पालिकामा ५ हजारभन्दा बढी मुल्यका सामग्री पार्टपुर्जा खरिद तथा मर्मतको आभिलेख राखेको छैन । नियममा व्यवस्था भएअनुसार अभिलेख राखी कारोवारमा मितव्यायिता र पारदर्शीता कायम गर्नुपर्दछ ।

| गो.. मिति | सामग्री को विवरण | मुल्यरू.(भ्याट बाहेक) | |
|---|---|---|---|
| ७६५-२०८२।०३।१९ | Scorpio front axle CVLRH | 39517 | |
| | Scorpio front axle CVLLH1 | 39517 | Mainabagar autoland pvt ltd, |
| | Front Exle shaft | 6017 | |
| | Cover motor assys | 26159 | |

३०.२ ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **११,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३०.३ **खर्चमा मितव्ययिताः** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्तव ऐन २०७६ को दफा २४ मा खर्च गर्ने कार्याविधि र मापदण्ड सम्वन्धी व्यवस्था छ । विनियोजन बजेटको सीमा भित्र रही रितपूर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने उल्लेख भएको, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा नियमावली बमोजिम सरकारी रकम खर्च गर्दात्यस्तो खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने उल्लेख छ । मालिका

गाउँपालिकाको तालिम तथा वैठकमा दिईने पारिश्रमिक र भत्ता सम्वन्धी कार्यविधि २०७६ मा गाउँपालिका तथा वडास्तरमा सञ्चालन गरिने बिभिन्न तालिम तथा गोष्ठी, कार्यक्रममा प्रतिसहभागिताको लागि प्रतिदिन अधिकतम रू.२०० खाजा खर्च वापत खर्च गर्न सक्ने व्यवस्था समेत रहेको छ । पालिकाबाट भुक्तानी हुने वडा सञ्चालन खर्चमा वडा सचिव मार्फत पेश भएका श्रेस्तामा अधिकांश वडामा ईन्धन खरिद गरेको विल र पेस गरेको सवारी प्रयोग लगवुकका विवरण अनुसार सवारी साधनको ईन्धन खपत (माईलेज) अधिक देखिन्छ। प्रतिलिटर ईन्धन खपतमा मोटरसाईकलले पार गरेको दुरी १०-१५ किमि मात्र रहेको देखिन्छ । यसमा सुधार गर्नुका साथै अतिथी सत्कार तथा विविध खर्चमा पार्दर्शिता र मितव्ययियता कायम गर्नुपर्दछ ।

३०.४ **खर्च पुष्टि गर्ने कागजात वेगरको भुक्तानीः**

..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१८,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३०.५ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **७,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३०.६ **थप दस्तुर तथा जरिवाना रकम भुक्तानीः**

..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८,८१३.६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ३१ तलबी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेख्नु पर्ने उल्लेख छ | त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०५/१८, च.नं. १८० को परिपत्रको बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरी तलब भत्ता लेख्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीहरुको रु. १,४१,६१,०९७।८४ तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले ऐन बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ३२ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ६६ जना पदपूर्ती भएको देखिन्छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिनियर सिभिल इन्जिनियर, प्रशासकिय अधिकृत, शिक्षा अधिकृत, सहायक पाँचौ, सव

इन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर सहित विभिन्न १७ पदहरु रिक्त रहेका मध्ये १ इन्जिनियर तथा २ सव इन्जिनियर करार सेवा मार्फत पदपूर्ति गरेको छ । रिक्त रहेको शिक्षा शाखामा काजमा मावि शिक्षक र वडा सचिवमा स्वास्थ्य तर्फका कर्मचारीबाट कार्यसम्पादन गरेको देखियो । रिक्त रहेका पदहरुमा पदपूर्तिका लागि लोकसेवा आयोगमा माग गरेतापनि पदपुर्ती भएको देखिदैन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ कार्यचाप तथा आवश्यकताको आधारमा दरवन्दी तथा पदपुर्ति व्यवस्थापन हुनुपर्दछ ।

३३ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले दरबन्दी बाहेकका ३ जना कार्यालय सहायक र ३ जना सहायक कम्पुटर अप्रेटर समेत ६ जना कर्मचारी गत विगत देखी करारमा नियुक्त गरेकोमा यस वर्ष २०८२ बैशाख देखी उल्लिखित दरबन्दी भन्दा बाहिरका कर्मचारी बर्खास्त गरेको छ । त्यस अतिरिक्त पालिकाले दरबन्दी भित्रका १ इन्जिनियर, २ सव इन्जिनियर तथा अन्य २ हलुका सवारी चालक, ५ नगर प्रहरी, १२ कार्यालय सहयोगी लगायत पदमा २२ जना कर्मचारी पालिकाको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी करारमा नियुक्त गरी यस वर्ष रु. १ करोड १२ लाख ९० हजार खर्च गरेको छ । उक्त खर्च कुल आन्तरिक आय रु. ५६ लाख ३५ हजारको २ गुणा रहेको छ । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामा समेत पालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो ।

३४ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले मिति २०८२।३।२१ को कार्यपालिका बैठकको निर्णय नम्बर ४ मा नीति तथा कार्यक्रम बजेट तर्जुमा तथा सुत्रमा डाटा इन्ट्री गर्ने कार्य गरेबापत ७ जना कर्मचारीलाई रु. १,९०,०००।०० प्रोत्साहन भत्ता भुक्तानी दिएको छ । पालिकाले अतिरिक्त समयमा गरेको काम र सोको नतिजा प्रमाणित नगराई अतिरिक्त समयमात्र प्रमाणित गराएको तथा सम्पूर्ण समयावधिको विद्युतिय हाजिरी प्रणालीमा रेकर्ड नभएको अवस्थामा कर्मचारी प्रोत्साहन भत्ताको भुक्तानी गरेको छ । तसर्थ पालिकाले आन्तरिक आय समेतलाई विचार गरी प्रोत्साहन भत्ता उपलब्ध गराउँदा औचित्यता र मितव्ययीता कायम गर्नु पर्दछ ।

३५ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले यस वर्ष गाउँपालिका चालु शीर्षकबाट कर्मचारी कल्याण कोषमा रु. १० लाख बजेट विनियोजन गरी भौ नं. ७५५-०८२।३।२० बाट उक्त रकम कर्मचारी कल्याण कोषमा ट्रान्स्फर गरेकोमा उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कोषमा रकम ट्रान्सफर गर्न नमिल्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३६ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४ को प्रथम संशोधन (२०७९।६।२८) को आधारमा दिर्घ रोगी तथा पीडितलाई सहायता बापत ७२ जनालाई रु. ११,५५,०००।००, सवारी दुर्घटना, रुख भिर बाट लडेको तथा

विधुतीय करेन्ट लागि मृत्यू भएका मृतक परिवारलाई सहायता बापत ६ जनालाई रु. १,७०,०००।०० तथा विपद व्यवस्थापनमा सहायता बापत ६ जनालाई रु. ८९,२४६।०० समेत कुल रु. १४,१४,२२६।०० आर्थिक सहायता वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छ ।

क) आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४ को दफा ८ मा आर्थिक सहायता दिने प्रयोजनको लागि एक आर्थिक सहायता कोष स्थापना गरी कोषमार्फत सहायता वितरण गर्ने व्यवस्था रहेकोमा पालिकाले गाउँपालिका चालु शीर्षकमा रु. १५ लाख विनियोजन गरी रु. १४ लाख १४ हजार खर्च गरेको छ । पालिकाले आर्थिक सहायता वितरण गर्दा कार्यविधिको पालना गर्नुपर्दछ ।

ख) आर्थिक सहायताको रकम पालिकाको कुल आन्तरिक आय रु. ५६ लाख ३५ हजार को २५ प्रतिशत हुन आउँछ ।

ग) पालिकाले आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति तथा संस्थाहरुको नामावली सार्वजनिक गर्नुका साथै आर्थिक सहायता वितरण खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

## ३७ वितरणमुखि खर्च

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने, जन जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि न्यून रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्ता योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्‍याउने तथा पालिकाको आर्थिक व्ययभार बढन गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

| भौनं. र मिति | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ७-०८१। ६।२ | नेपाली काँग्रेसको दोश्रो जिल्ला सम्मेलन गर्न ०८०।८।१५ को कार्यपालिका निर्णय नं. २बमोजिम आर्थिक सहायता | नेपालीकाँग्रेस जिल्ला कार्यसमिति गुल्मी | २०००० |
| २१-०८१। ६।३ | वडा नं. ५मा ब्लङ्केट, पोशाक खाजा खाना वितरण | जनजातिवालविकास तथा अपाङ्ग विकास कार्यक्रम समिति | १००००० |
| ६०-०८१। ६।५ | वडा नं. ५मा पञ्चेबाजा खरिद तथा वितरण | लाल बहादुरघर्ति मगर | ९९८११ |
| ४९-०८१। ६।४ | वडा नं. २मा मगर भेषभुसा तथा मादल खरिद तथा वितरण | सोरठी नाचतथा भेषभुषा संरक्षण उ.स. | १००००० |

## ३८ अनुत्पादक खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही तर्जुमा गर्नुपर्ने व्यवस्था छ । साथै ऐनमा दिवस, महोत्सव, जात्रा, पर्व जस्ता शीर्षकमा खर्च लेख्न मिल्ने व्यवस्था देखिदैन । पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सीमित रहेको अवस्थामा पर्व तथा दिवस विशेष कार्यक्रम, पालिका उद्घाटन कार्यक्रम लगायतका शीर्षकमा केन्द्रित भई कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्‍याउने तथा पालिकाको आर्थिक व्यभार बढ्न गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

| भौनं. र मिति | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ६-०८१।६।२ | वडा नं. ५मा २०८० बैशाख २ देखी ५ सम्म प्रथम मालिका कप तथा चैते दशैँ मेला आयोजना | न्यू मालिका युवा क्लब | ४५००० |
| १८-०८१।६।३ | वडा नं. ५मा २०८०।१०।१ मा माघेसंक्राती मेला आयोजना तथा व्यवस्थापन गर्न आर्थिक सहयोग | लेक पोखरा माघेसंक्रान्ती मेला व्यवस्थापन समिति | ५०००० |
| २०-०८१।६।३ | वडा नं. ५मा २०८० बैशाख २ देखी ५ सम्म प्रथम मालिका कप तथा चैते दशैँ मेला आयोजना | न्यू मालिका युवा क्लब | २०००० |
| ३३-०८१।६।३ | वडा नं. ३मा एकादशी सराय नाच मेला व्यवस्थापन कार्यक्रम | लाल बहादुरघर्ति मगर | २०००० |
| ८०७-०८२।३।२१ | चैते दशैमेला प्रवर्द्धन कार्यक्रममा आर्थिक सहायता | न्यू मालिका युवा क्लब | २०००० |
| ९-०८१।६।२ | वडानं. ५ मा २०८०।५।२६ मा दर खुवाउने तथा तिज विशेष कार्यक्रम | सुरेन्द्र गिरी | ५०००० |
| ७३-०८१।६।६ | हरितालिकातिज तथा साक्षरता दिवस कार्यक्रम | विभिन्न व्यक्ती | ७३२७० |
| ७७-०८१।६।७ | हरितालिकातिज कार्यक्रम सञ्चालन वडा ३ | भुमिश्वर गौतम | १४००० |
| ८५-०८१।६।७ | हरितालिकातिज कार्यक्रम सञ्चालन वडा १ | विष्णु लम्साल | ४०००० |
| १३४-०८१।७।२६ | हरितालिकातिज कार्यक्रम सञ्चालन वडा ८ | शुसिल अर्याल | ७५००० |
| १३५-०८१।७।२६ | हरितालिकातिज कार्यक्रम सञ्चालन वडा ७ | उषा श्रीस | १५००० |
| विभिन्न | पालिका उद्घाटन खर्च | विभिन्न फर्म | १०००००० |

३९ **बैठक भत्ता**

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०८१ को बुँदा नम्वर ४५ मा बैठक भत्ता खर्च भुक्तानीका मापदण्ड तोकेको छ । उक्त मापदण्ड अन्तर्गत कानुन बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकका आवश्यक्ता, औचित्यता र उपयुक्तता स्पष्ट हुनुपर्ने, एउटै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । साथै समितिको बैठकमा विषयविज्ञ बाहेकका आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता पाउने छैन भनी उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी बैठक भत्तामा रु.२० लाख, कर्मचारी बैठक भत्तामा रु. ५ लाख समेत रु.२५ लाख विनियोजन गरी पदाधिकारी बैठक शीर्षकबाट रु.१४,२५,३४०।०० तथा कर्मचारी बैठक शीर्षकबाट रु.४,५९,५९७।०० समेत कुल रु.१८,८४,९३७।०० बैठक भत्ता खर्च लेखेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन् :

• पालिकाले जिन्सी निरीक्षण गर्ने / खरिद विधि छनौट गर्ने जस्ता नियमित प्रकृतिको कामको समेत निर्णय गर्न जिन्सी निरीक्षण समिति तथा खरिद इकाई समितिको बैठक बसी बैठक भत्ता भुक्तानी गरेको पाइयो ।

• एउटै माइन्युट पटक पटक पेश गरी खर्च दावी तथा भुक्तानी गरेको पाइयो ।

• स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ मा ऐनमा एकै दिनमा एक भन्दा बढी बैठक बसेकोमा एउटा बैठक बापत मात्र बैठक भत्ता पाउने उल्लेख भएकोमा सो भन्दा बढी बैठक खर्च लेखेको पाइयो ।

• बैठकमा अनुपस्थित पदाधिकारी तथा कर्मचारीहरुलाई समेत बैठक भत्ता भुक्तानी गरेको पाइयो ।

• पालिकाले एउटै निकायका पदाधिकारी तथा कर्मचारीमात्र समावेश अनुगमन समिक्षा वैठकको भत्ता भुक्तानी गरेको पाइयो ।

पालिकाले विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धी एकीकृत अभिलेख तयार गर्दै बैठक खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

४० **जिन्सी निरीक्षण भत्ता** (७७२-2082-03-19):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१ **दोहोरो माइन्युट पेश**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **दोहोरो भ्रमण तथा बैठक भत्ता खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **८,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **भ्रमण खर्च**

भ्रमण नियमावली, २०६४ मा भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले वार्षिक भ्रमण खर्चमा रु. ३९ लाख बजेट विनियोजन गरी रु. ३८, ५५,८२५।०० खर्च गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छः

• यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा कार्यालयको काममात्र उल्लेख गरी प्रतिवेदन पेश गरेको।

• पदाधिकारी तथा कर्मचारीहरुलाई दोहोरो पर्ने गरी विभिन्न बैठक तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च भुक्तानी भएको ।

• सरुवा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अवधि नियमित भन्दा बढी पेश गरी तथा बढी फुटकर खर्च पेश गरी भुक्तानी गरेको पाइयो ।

• भ्रमणको स्पष्ट कारण र प्रयोजन नखुलाई अन्य सरकारी कार्यालयका कर्मचारी तथा पदाधिकारीहरुलाई पालिकाको निवेदन तथा आग्रह बेगर भ्रमण आदेश स्वीकृत गरी भ्रमण खर्च भुक्तानी गरेको पाइयो ।

पालिकाले भ्रमण खर्च तथा अवधिको वास्तविकता यकिन गरी खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

४४ **अन्य कार्यालयको भ्रमण खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । भौचरको नमुना छनौट गरी भ्रमण खर्चको परीक्षण गर्दा पालिकाले जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालयका विभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गरेको छ ।

अन्य कार्यालयहरु आफैँमा खर्च गर्ने अख्तियारी रहेको तथा भ्रमण आदेशमा भ्रमण खर्च भुक्तानी हुने कार्यालय नतोकिएको अवस्थामा भ्रमण खर्च दोहोरो भए नभएको यकिन गर्न सक्ने अवस्था रहेन । अतः पालिकाले अन्य कार्यालयका कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गर्दा स्पष्ट कारण र प्रयोजन खुलाई दोहोरो खर्च नहुने सुनिश्चितता गर्नुपर्दछ ।

४५ **मसलन्द तथा कार्यालय सामाग्री खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु.१० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रु. २७ लाख बजेट विनियोजन गरी रु. २६,०१,३८७।२४ खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले मसलन्द सामग्री पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

४६ **खर्च वर्गिकरण**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका वडा कार्यालय सञ्चालन खर्चहरुको नमुना छनौट गरी श्रेस्ता परीक्षण गर्दा खरिद मसलन्द सामग्रीहरुको व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण अद्यावधिक नभएको तथा चिया खाजा खर्चमा स्पष्ट मापदण्ड रहेको देखिएन । वडा कार्यालयको खर्चमा एकरुपता नहुनुका साथै पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

४७ **विज्ञापन खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२९,८९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४८ **इन्धन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष कार्यालय प्रयोजन इन्धन शीर्षकमा रु. २५ लाख ५० हजार बजेट विनियोजन गरी रु. २५,१७,८६४।०८ खर्च गरेको छ । नमुना कारोबारको भौचर छनौट गरी इन्धन खर्चको भुक्तानीको श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छः

| भौ नं. र मिति | इन्धन खरिद | | कुपन काटेको | | अर्डर स्लिप | | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | डिजल | पेट्रोल | डिजल | पेट्रोल | डिजल | पेट्रोल | |
| ५७४-०८२।२।१८ | २५३७ लि. | १९६६ लि. | १८५ लि. | ८६४ लि. | २३५२ लि. | ११०२ लि. | ६८५८३८ |
| ४४२-०८१।१२।३ | १७६१ लि. | १२६० लि. | ३३५ लि. | ३६४ लि. | १४२६ लि. | ८९६ लि. | ४८८४८७ |
| ८६६-०८२।३।२४ | १०९० लि. | ८७३ लि. | ५४० लि. | ५७६ लि. | ५५० लि. | २९७ लि. | ३०८२२२ |

(क) पालिकाका सवारीसाधनमा खपत भएको ईन्धनको विवरण पाम्स (PAMS) मा पोष्टिङ्ग गरेको पाइएन।

(ख) पालिकाले सञ्चालन गरेको सवारीसाधनहरुको ईन्धन खर्च लेख्दा सवारी साधनको रितपूर्वक लगबुक राखि तोकिएको माईलेज खपत बमोजिम ईन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखाङ्कन गरेको पाइएन ।

(ग) पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।

(घ) पालिकाले इन्धनको कुपन वितरणमा एकद्वार पद्धति कायम नभई विभिन्न व्यक्तिबाट वितरण हुने गरेको पाइयो ।

(ङ) पदाधिकारी द्वारा उपलब्ध गराईएको कुपन तथा अर्डर स्लिपमा गाडी नम्वर उल्लेख नगरेको, कार्यालयको आधिकारीक दस्तखत र छाप नभएकोले इन्धन खर्चको दुरुपयोग नभएको यकिन गर्न सकिएन ।

(च) पालिकाले वडा तर्फको विविध खर्च शीर्षकबाट समेत इन्धन खर्च भुक्तानी गरेको छ ।

पालिकाले आर्थिक वर्ष २०८२।८३ देखि लागु हुने गरी खर्चको मापदण्ड तयार गरी लागु गरेको जनाएको छ । इन्धन खर्चलाई मितव्ययी बनाउन कार्यसञ्चालन निर्देशिका बमोजिम पदाधिकारी तथा कर्मचारीलाई इन्धन व्यवस्थापन गर्नु पर्दछ । साथै सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी पाम्समा अभिलेखाङ्कन गर्ने तथा इन्धन खर्च नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

४९ **पुल हेरालु तथा लेन्थ वर्कर खर्च**

नेपाल सरकारको पन्धौँ आवधिक योजनामा स्थानीय पूर्वाधार विकास तर्फको अपेक्षित उपलव्धिमा कम्तीमा ३० मिनेटको हिँडाइको फेरोभित्र पूलको सुविधा पुग्ने गरी झोलुङ्गे तथा सडक पुल निर्माण भएको हुने अपेक्षा गरेको छ । पालिकाको क्षेत्र भित्र निर्माण भएका झोलुङ्गे पुल तथा सडकको स्वामित्व तथा रेखदेखको जिम्मेवारी, मर्मत सम्भार मापदण्ड तथा कार्यविधि तयार गरेको देखिदैन । यस वर्ष पालिकाले ३१ जना झोलुङ्गे पुलको हेरालुलाई कार्य विवरण पेश गरी मासिक रु. ५००।०० का दरले कुल रु. १,८६,०००।०० पुल हेरालु खर्च र सबै ८ वडामा लेन्थ वर्कर दैनिक ज्यालादारीमा नियुक्त गरी रु. १२,६०,५१६।०० खर्च भुक्तानी गरेको छ । पालिकाको क्षेत्र भित्र निर्माण भएका झोलुङ्गे पुल तथा सडकहरुको स्वामित्व तथा रेखदेखको जिम्मेवारी यकिन गरी निर्मित सडक तथा पुलको मर्मत सम्भारको मापदण्ड तथा कार्यविधि वनाई नागरिकको सुरक्षित तरितराउको सुनिश्चितता हुनु पर्दछ ।

५० **विविध खर्च**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शीर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्र (SUTRA) को विवरण अनुसार विविध तथा अतिथि सत्कार खर्चमा पालिकाले कुल रु. १४,१४,२३९।२० खर्च गरेको छ जुन पालिकाको कुल आन्तरिक आय रु. ५६ लाख ३५ हजार को २५ प्रतिशत हुन आउँछ । त्यस अतिरिक्त पालिकाले गाउँ सभा सञ्चालनमा रु. ५,६८,०००।०० बैठक भत्ता वितरण गरेको बाहेक खाना, खाजा, चिया, नास्ता लगायतको भुक्तानीमा रु. २,५१,४४०।०० खर्च गरेको छ । विविध खर्च अन्तर्गत अधिकाशं खर्च खाजा, खाना, पानी, चिया नास्ता लगायतमा पेश हुने गरेको छ । पालिकाले विविध खर्चमा नियन्त्रण गर्न खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरी आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

५१ **गैर सरकारी संस्था मार्फत कार्यक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी मौजुदा सुचिमा रहेका गैर सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी प्रस्तावनाका आधारमा गैर सरकारी संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायानुसारका कार्य गैर सरकारी संस्थाबाट प्रस्तावना माग गरी कार्यक्रम सञ्चालन गरेको

पाइयो । यस्तो कार्यक्रम गराउँदा सार्वजनिक खरिद कानुन बमोजिम खर्चको विभागीय नर्म्स, जिल्ला दररेट, कार्य क्षेत्रगत शर्त जस्ता आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा संस्थाले पेश गरेको दररेटको आधारमा सम्झौता गर्ने गरेको देखियो र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट देखिएन । स्थानीय श्रोत साधन र क्षमताको प्रयोगलाई समेत विचार गर्दै ऐन नियमावलीमा भएको व्यवस्था पालना गरी खर्च मितव्ययी बनाउनुपर्दछ ।

| **भौनं. र मिति** | **कार्यक्रम विवरण** | **कार्यक्रम सञ्चालक** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १३-०८१।६।२ | एच.आई.भी.बाटसंक्रमित व्यक्तिहरुलाई खाद्यान र स्टेश्नरी सामग्री वितरण कार्यक्रम | हाम्रोजिवन प्लस | १००००० |
| १७-०८१।६।२ | स्त्री तथाप्रसुती र दन्त शिविर कार्यक्रम र परामर्श सेवाको सञ्चालन खर्च | नेपालविकास केन्द्र | ४९१७७६ |
| ४०-०८१।६।४ | श्री छापसामुदायिक वनको कार्ययोजना नविकरण | ए.बि.एम.ग्रिन सोलुसन | १४९०३६ |

५२ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **१,२६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **१,०५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५३ **दोहोरो खर्च** (८४९-2082-03-23):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **२,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५४ **खर्चको पुष्टयाई**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **७५,५०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **७५,४०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५१,०१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५५ **गाउँपालिका प्रशासकीय भवन निर्माण:**

गाउँपालिकाले २४ महिना भित्र गाउँपालिका प्रशासकीय भवन निर्माण सम्पन्न गर्ने गरी रु.९,९०,३५,६३२.५४ को लागत अनुमान तयार गरी ठेक्का नं.२७-२०७७/७८ बाट बोलपत्र आव्हान गरेकोमा निर्माण व्यवसायी बिकोई श्रेष्ठ सुनील समिर जेभी सँग मिति २०७८।०५।०१ मा रु.७,६७,१८,२३४.३० को सम्झौता गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन:

५५.१ **भेरियशनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजित भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को

कार्यविधि पुरा गरी भेरिएशन जारी गर्ने सकिने व्यवस्था रहेको छ। त्यस्तै निर्माण व्यवसायीसँग भएको सम्झौताको जनरल कण्डिशन अफ कण्ट्याक्ट अनुसार सम्झौताको २ प्रतिशत र भेरियशन हुने आइटमको २५ प्रतिशत भन्दा वढी हुने भएमा पुनः लागत अनुमान तयार गरी निर्माण व्यवसायीसँग वार्ता गरी नयाँ वा थप कार्यको सम्झौता रकम निर्धारण हुने उल्लेख छ । पालिकाले अन्तिम बिल भुक्तानी गर्दा केही कम गर्नुपर्ने तथा केही काम वढि गरी ठेक्का बिल तयार गरेको छ। तर कुल सम्झौता अंकको २ प्रतिशत र भेरिएसन हुने आइटमको परिमाणमा २५ प्रतिशत फरक पर्दा समेत प्राविधिक पुष्ट्याइ सहित भेरिएशन आदेश स्वीकृति गरेको देखिएन। खरिद नियमको पालना गरी भेरिएसन आदेश स्वीकृत गरी कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ। भेरिएशन भएकाकामका उदाहण निम्न बमोजिम छन्:

| Item no | काम | BOQ परिमाण | कार्यसम्पन्न परिमाण | भेरिएसनपरिमाण | दर | भेरिएसनरकम | भेरिएसन प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ८ २९ | brick masonary | ६१८.७ | २५८ | -३६०.८६ | १५५०० | -५५९३३३०.०० | -५८.३३ |
| १० | PCC 1:3:6 | ४८.७४ | १११ | ६१.९० | १०५०० | ६४९९५०.०० | १२७.०० |
| १४ | RCC Bar TMT | १२२९७३.५५ | ९०९०४ | -३२०६९.५५ | १०५ | -३३६७३०२.७५ | -२६.०८ |
| २३ | Plaster | ७५६३.०० | ४५५५ | -३००८.०० | ३५० | -१०५२८००.०० | -३९.७७ |
| ३० | installation of Truss | ११२३९.०० | ७५७९ | -३६६०.०० | १४० | -५१२४००.०० | -३२.५७ |
| कुलसम्झौता रकम रु.७६७१८२२४ मा भेरिएसन भएको प्रतिशत | | | | | | -९८७५८८२.७५ | -१२.८७ |

५५.२ **कार्य स्वीकार प्रतिबेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार गर्दा सोको प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ। क्रसर बन्द, वर्षातको समयमा ढुवानीको समस्या तथा सडक पहुँच नभएको कारण जनाइ तेस्रो पटक २०८१।०९।१२ गते सम्म म्याद थप तथा निर्माण व्यवसायीलाई मुल्य समायोजन बाहेक भ्याट र पिएस सहित कुल रु.६,४७,८४,६९२.६९ भुक्तानी भई ८५ प्रतिशत वित्तीय प्रगती सहित अन्तिम बिल तयार गरिएको उक्त निर्माण कार्यको स्वीकृत म.ले.प. फारम अनुसार कार्य स्वीकार प्रतिबेदन जारी भएको देखिएन। पालिकाले भौतिक प्रगति ९० भन्दा वढि प्रतिशत भएको जनाएता पनि अर्को ठेक्काबाट भवनमा इन्टेरियरको काम हुँदै गरेको तथा वित्तीय प्रगति न्यून हुँदा भेरिएसन समेत नगरेकोले नियमावलीको व्यवस्था अनुसार बाँकि काम गराइ स्वीकृत ढाँचा बमोजिमको कार्य स्वीकार प्रतिबेदन तयार गर्नुपर्दछ।

५५.३ **बिमा:**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४५०,६४७.९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५.४ **त्रुटी सच्याउने दायित्व:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण सम्पन्न भई सकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था छ। पालिकाले अन्तिम बिल भुक्तानी गरे पनि नयाँ ठेक्काबाट इन्टेरियर काम गराइरहेकोले उक्त भवन प्रयोग भएको देखिएन। छतमा परेको पानीको उपयुक्त निकास व्यवस्था नभएको तथा ढलान माथिको पनिङ्गको लेयर फुटेकोमा उक्त मर्मत समेत गराएको देखिएन। यसरी अन्तिम बिल भुक्तानी समेत भुक्तानी भई त्रुटी सच्याउने अवधिमा रहेको अवस्थामा भवन प्रयोग नभएकोले उक्त भवन प्रयोग गरी भएका त्रुटी सच्याइ नियमावलीको व्यवस्था बमोजिम कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ।

५६ **अर्जेबेशी सामूदायिक भवन निर्माण -**

ठेक्का नं. २०८१/०८२-३२ अर्जेबेशी सामूदायिक भवन निर्माण कार्यकालागि पालिका र निर्माण व्यवसायी श्री दक्षिणकाली भक्त निर्माण सेवा बीच ४ महिना भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८१/१०/२२ मा मूल्य अभिवृद्धि कर समेत रु.५३,६८,५०० मा सम्झौता भएकोमा उक्त अवधिमा काम सम्पन्न नगरी थप ४ महिना अर्थात शुरु सम्झौता अवधिको १०० प्रतिशत म्याद थप भई कार्यसम्पन्न गर्ने म्याद २०८२ असोज मसान्त सम्म रहेको छ । उक्त योजनामा यस आर्थिक वर्षमा रु.२९,८५,२१३ भुक्तानी भएको छ । यस सम्बन्धी अन्य ब्यहोरा निम्नानुसार छन ।

५६.१ **म्याद थप -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम त्यस्तो सम्झौता अवधी भित्र पुरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको काबुबाहिरको परिस्थिति भए नभएको कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता विषयहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने उल्लेख छ । पालिकाले कार्यपालिकाको निर्णय अनुसार मिति २०८२/४/१६ मा मिति २०८२ साल असोज मसान्त सम्म म्याद कायम हुने गरी म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण नगरी बर्षातको कारण मात्र उल्लेख गरी म्याद थप गरेको देखियो । तसर्थ: पालिकाले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

५६.२ **नापी पेस नभएको -**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५८५,१७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **खानेपानी आयोजना:**

एकीकृत मालिका एक घर एक धारा खानेपानी आयोजनाको रु. २ करोड ४० लाख विशेष अनुदान प्राप्त भएकोमा कन्टिजेन्सी बाहेक रु.२ करोड ३२ लाख २२ हजार ९९ रुपैयामा ४२५ घरमा निजी धारा निर्माण गरी खानेपानी सुविधा व्यवस्थित गर्न ठेक्का नं.६-०८१/८२ बाट खुला बोलपत्र आव्हान भएकोमा ६ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसायी रन्जित रन्जन कन्स्ट्रक्सन प्रा लि सँग मू अ कर र पि एस सहित रु.१,७७,२४,२२९.७४ (२४.८३ प्रतिशत घटी) को सम्झौता मिति २०८१।०८।११ मा भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन।

५७.१ **कार्यसम्पन्न प्रतिबेदन :** निर्माण व्यवसायी सँगभएको सम्झौताको विशेष शर्त ७१.२ मा निर्माण सम्पन्न भएको ३० दिन भित्र मर्मत तथा सम्भार म्यानुअल पेश नगरेमा रु.१० हजार रोक्का राख्नुपर्ने उल्लेख छ। ४२५ निजी धारा निर्माण, उक्त कार्यको लागि पाइप विस्तार तथा अन्य खानेपानी संरचना निर्माण समेत गर्ने गरी ठेक्का सम्झौता भएकोमा ११७७५ मिटर पाइप विस्तार तथा कुल ४१० वटा निजी धारा जडान गरी रु.१,५४,६३,७३०.१६ (पिएस र भ्याट बाहेक) भुक्तानी भई मिति २०८२।०२।११ मा कार्यस्वीकार प्रतिवेदन प्राप्त भएको छ। हाल सम्म उक्त मर्मत सम्भार म्यानुअल पेस नभएकोले उक्त म्यानुअल पेस गर्नुपर्दछ।

५७.२ **दोस्रो ठेक्का:** विशेष अनुदान व्यवस्थापन कार्यविधि २०८१ को दफा ९ मा जुन कार्यक्रम वा आयोजनाको लागि विशेष अनुदान प्राप्त भएको हो सोहि आयोजना वा कार्यक्रममा खर्च गर्नुपर्ने तथा दफा १६ मा मंसिर मसान्त भित्र ठेक्का सूचना गर्नुपर्ने व्यवस्था छ। पालिकाले पहिलो ठेक्काबाट बचत भएको रकमले २ महिना भित्र १३३ वटा निजी धारा तथा पाइप जडान गर्न रु.६६२९६६२ को लागत अनुमान गरी मिति २०८१ फागुन २७ पुन दोस्रो बोलपत्र आव्हान गरी ठेक्का ५१-२०८१/८२ बाट २०८२।०१।१४ मा

मालिका बागेश्वरी कनस्ट्रसनसँग रु.५७१२५२९.७५ को सम्झौता गरेको र ५ वटा इन्टेक सहित १३४ वटा निजी धारा निर्माण गरी कार्य स्वीकार गरेकोछ। आयोजनाको पुन: ठेक्का गरेको र लागत अनुमान वास्तविक (ओभरहेड दुईपटक जोडेको कारण) नदेखिएकोले आयोजनाको लागत अनुमान गर्दा नै प्रचतलित नर्म्सको प्रयोग गर्नुका साथै तोकिएको समयमा ठेक्का आव्हान गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५७.३ **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम लागत अनुमान गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लेखित योजनाको ठेक्का गर्न लागत अनुमान तयार गर्दा देहायको कार्यको लागि स्वीकृत नर्म्स अनुसारको दरमा दुईपटक ओभरहेड जोडी नर्म्स भन्दा वढि हुने गरी लागत अनुमान तयार गरेको छ। स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार नगर्दा लागत अनुमान बढी भई अन्य आवश्यक योजनामा बजेट अपुग हुने, वास्तविक लागत अनुमान तयार नहुने तथा बढी भुक्तानी हुन सक्ने अवस्था सृजना हुन सक्ने भएकोले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| काम | Item कोहुनुपर्ने लागत अनुमान | भएको लागत अनुमान | बढी लागत अनुमान | परिमाण | बढी लागत अनुमान | बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| एकीकृत मालिका एक घर एक धारा खानेपानी आयोजनापहिलो ठेक्का (०६-२०८१/८२) को कुल लागत अनुमान रु.२,३२,२२,०९९/- | | | | | | |
| माटो खन्नेकाम (प्रतिघनमिटर) | ९७७.५ | ११२४.१३ | १४६.६३ | २१९८ | ३२२२९३ | १.७४ |
| माटो भर्नेकाम (प्रतिघनमिटर) | २४४.३५ | २८१.०३ | ३६.६८ | २१९८ | ८०६२२ | |
| एकीकृत मालिका एक घर एक धारा खानेपानी आयोजना लागत अनुमान दोस्रो ठेक्का (५१-२०८१/८२) रु.६६,२९,६६२/- | | | | | | |
| माटो खन्नेकाम (प्रतिघनमिटर) | ९७७.५ | ११२४.१३ | १४६.६३ | ७७० | ११२९०५ | २.१२ |
| माटो भर्नेकाम (प्रतिघनमिटर) | २४४.३५ | २८१.०३ | ३६.६८ | ७७० | २८२४३ | |
| SQ-०९-२०८१/८२ कुल लागत अनुमान रु.१९,२९,३६५/०५मालिका एक घर एक धारा वडा नं.६ प्रदेश सशर्त | | | | | | |
| माटो खन्नेकाम (प्रतिघनमिटर) | ९७७.५ | ११२४.१३ | १४६.६३ | ५८८ | ८६२१८ | ५.५९ |
| माटो भर्नेकाम (प्रतिघनमिटर) | २४४.३५ | २८१.०३ | ३६.६८ | ५८८ | २१५६७ | |

५८ **त्रुटी सच्याउने दायित्व अवधि अभिलेख:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भइ त्रुटि सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने, निर्माण भए बमोजिमको नक्सा र कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित सार्वजनिक निकायले बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र सार्वजनिक निकायको प्रमुख र बोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यति भएमा निजभन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारीरुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउन पुरयाउनको लागि ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचवुझ गराउनुपर्नेमा सो अवधिमा रहेका ठेक्काको अभिलेख नै राखेको देखिएन । साथै चालु आवमा विभिन्न योजनाको मर्मत बापत भुक्तानी भएकोमा डी.एल.पी. समयका योजनाको रकम भुक्तानी भए नभएको एकिन हुन सकिएन ।

५९ **कन्टिन्जेन्सी खर्च :**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको छैन । कार्यालयले पेस गरेको कन्टिजेन्सी खर्चको अभिलेख निम्नअनुसार देखिन्छ ।

| **आर्थिकवर्ष २०८१।८२ को कन्टिन्जेन्सी खर्च (रु. हजारमा)** | | | | |
|---|---|---|---|---|
| **जम्मा** | **मस्टरोल** | **मर्मत इन्धन** | **कार्यालय सञ्चालन अनुगमन** | **अन्य** |
| ३२७६८०० | ५७२२५४ | ९७६९६४ | १२८६७४४ | ४४०८३८ |

• ४ प्रतिशत भन्दा वढी खर्च नहुने गरी कन्टिन्जेन्सी खर्च नियन्त्रण गर्न योजना अनुसार कन्टिन्जेन्सी खर्चको अधावधिक विवरण तयार गर्ने गरेको छैन । कन्टिन्जेन्सी खर्चको सिमा ननाघ्ने गरी योजना अनुसारको कन्टिन्जेन्सीको अधावधिक विवरण तयार गर्नुपर्दछ ।

• कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.५ लाख ७२ हजार, मर्मत (सवारी साधन, विधुतिय उपकरण, भवन, मोटरबाटो) तथा इन्धनमा रु.९ लाख ७६ हजार कार्यालय सञ्चालन तथा अनुगमन ( मोटरसाईकल खरिद, अटो मोबाईल खरिद)मा रु.१२ लाख ८६ हजार र अन्यमा रु.४ लाख ४० हजार समेत यस वर्ष रु.३२ लाख ७६ हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

• सवारी साधन मर्मत, कार्यालय सञ्चालन मसलन्द खरिद, ईन्धन, अनुगमन लगायतमा कार्यालयको लागि विनियोजन भएको चालु तर्फको सम्वन्धित खर्च शीर्षकबाट समेत भुक्तानी भएको छ । खरिद आवश्यकता पहिचान गरी शाखागत खरिद माग प्राप्त गरी, खरिद योजना बनाइ लागत अनुमान तयार पारी ऐन नियमले तोकेको सिमा भित्र रहि खरिद गर्नु पर्नेमा सोझै खरिद गरेको देखिएकोले ऐन नियमको पूर्णरुपमा पालना गरीनु पर्दछ ।

• कन्टिन्जेन्सी रकमबाट अन्य खर्चमा कार्यालयले सामान, मोटर साईकल खरिद, सवारी साधन मर्मत, भवन संरचना मर्मत, विज्ञापन, लगायतको पुँजीगत प्रकृतिको काममा खर्च गर्दा आर्थिक वर्षको सुरुमै कार्यक्रम तथा योजना स्वीकृत गरी सो अनुसार कार्यान्वयन गर्नुपर्नेमा विभिन्न समयमा माग भए अनुसार यस्ता खर्च लेखेको पाइयो । कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने व्यवस्था गर्नु पर्दछ ।

कार्यालयले नगरी नहुने कार्यमा मात्र खर्च गरी कन्टिन्जेन्सी खर्च नियन्त्रण समेत गर्नुपर्दछ ।

६० **पालिकाको भगिनी सम्बन्धबाट निर्माण कार्य :**

ललितपुर महानगरपालिका सँग भगिनी सम्बन्ध वापत रु.३५ लाख प्राप्त गरी गाउँपालिकाले मालिका मन्दिर परिसर निर्माण गर्न पुरात्तव विभागको नर्म्स र दर प्रयोग गरी रु. ४११०९८७.३७ को लागत अनुमान तयार गरेको छ। उपभोक्ता समितिले रु.४११०९८ लागत साझेदारी गर्ने गरी समितिसँग सम्झौता भएकोमा रु.३७३४३२९.७३ को अन्तिम मुल्याङ्कन भएको देखिन्छ। यसरी लागत अनुमान अनुसार अन्तिम मूल्याङ्कनको रकम भुक्तानी हुँदा उपभोक्ताको अंश कट्टा पश्चात रु.३३६०८९६.७५ भुक्तानी भई महानगरपालिकाबाट प्राप्त रकम रु.१३९१०३.२५ विविध खातामा राखेको छ। उक्त बाँकी रकम तोकिएको काममा खर्च गर्नुपर्दछ।

६१ **वढि लागत अनुमानको व्ययभार:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्म्स भए त्यस्तो नर्म्स बमोजिम लागत अनुमान गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लेखित योजनाको लागत अनुमान तयार गर्दा देहायको कार्यको लागि स्वीकृत नर्म्स अनुसारको दरमा दुईपटक ओभरहेड जोडी नर्म्स भन्दा वढि हुने गरी लागत अनुमान तयार गरेको छ। स्वीकृत नर्म्स विपरित दोहोरो ओभरहेड समावेश गरी लागत अनुमान तयार गरेको रकम नियमसम्मत नदेखिएको रु.

| योजनाको नाम | परिमाण | भएकोलागत अनुमान | हुनुपर्नेलागत अनुमान | कबोलअंक | ठेक्काघटे अनुसार भुक्तानी हुने रकम | वढिभुक्तानी दर | वढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| Qt- वर्षातको समयमा मोटरबाटो सफाई मालिका वडानं.५,६,७,८ पहिरो सोर्ने | ९८९३.५२ | ५७.९७ | ४८. | ५३. | ४३.८९ | ९.११ | ९०१६५.५८ |
| Qt- वर्षातको समयमा मोटरबाटो सफाई मालिका वडानं.१,२,३,४ पहिरो सोर्ने | १००००. | ५७.९७ | ४८. | ५४.७६ | ४५.३४ | ९.४२ | ९४१९२. |
| SQ-०९-२०८१/८२ मालिका एक घर एक धारा वडा नं.६प्रदेश सशर्त माटो पुर्नेकाम | ५८८. | २८१.०३ | २४४.३५ | ३००. | १५१.५ | १४८.५ | ८७३१९.७६ |
| जम्मा | | | | | | | २७१६७७.३४ |

| | |
|---|---|
| अनियमित भएको | २,७१,६७७ |

६२ **प्रमाण कागजात पेश नभएको-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले पालिका पूँजीगत तर्फ तपसिल बमोजिमको ग्याविन जाली र जस्ता पाता खरिद गरेको विल मात्रसंलग्न राखी नेपाल ब्रदर्श हार्डवयेर लाई रु.१२,४६,७२९भुक्तानी गरेको मध्ये रु. ३,८५,४९९/- को एच. डि. पी पाईप र ग्याविन जाली पालिका र वडा कार्यालयमा मौज्दात रहेको पाइयो ।यसरी खरिद गरेका सामानको प्रयोग सम्वन्धमा स्पष्ट हुने गरी नापी किताव,कार्य स्वीकार प्रतिवेदन तथा वितरण भरपाई लिनु पर्दछ।

| क्र.स | गो भौ नं र मिति | विवरण | परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|---|
| १ | २५२,२०८१/३/२४ | एच. डि. पी .ई पाइप२० MM | ३७०० | ३२.७७ | १२१२४९ |
| | | एच. डि. पी .ई पाइप२५ MM | २०० | ५४.२४ | १०८४८ |
| | | एच. डि. पी .ई पाइप५० MM | ५०० | ७०.०६ | ३५०३० |
| | | ग्याविन जाली | ३५ वटा १.५*१*१ साइज | २८५८.९ | १०००६१ |
| | | ग्याविन जाली | ३० वटा २*१*१ साइज | ३९४३.७ | ११८३११ |
| जम्मा | | | | | ३,८५,४९९ |

६३ **उपभोक्ता समितिः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

६३.१ • पालिकाले यो वर्ष विभिन्न १३५ वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु.१ करोड ९३ लाख २७ हजार भुक्तानी दिएको छ ।

• उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको

अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

• पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन।

• उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यसरी उपभोक्ता समितिहरुबाट निर्माण योजनाको गुणस्तरका बारेमा यकिन हुन सकिने अवस्था रहेन । उपभोक्ता समितिहरुले प्रयोग गरेका सामाग्रीहरुको गुणस्तर परीक्षण गरेर मात्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

उपभोक्ता समितिको क्षमता, जनशक्ति, उपकरण लगायतका कारणले निर्माण कार्यको गुणस्तर कायम गर्न कठिनाई हुने हुँदा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउनु उचित देखिदैन ।

६३.२ **प्राविधिक बिल:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

६३.३ **हेभी इक्विपमेण्टको प्रयोग:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको तथा मुल्याङ्कन भएका सम्पूर्ण रकम निर्माण व्यवयायीको बिल पेश गरी भुक्तानी लिने गरेको पाइयो।नियममा भएको व्यवस्था वेगर उपभोक्ता समिति मार्फत कार्य गरउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । उपभोक्ता समितिले हेभि इक्युपमेन्ट प्रयोग गरेको तथा निर्माण कार्यको मुल्याङ्कन रकम निर्माण व्यवसायीलाई दिएका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौचर नं. | योजना कोनाम | काम | निर्माणव्यवसायीको नाम | मुल्याङ्कनरकम | प्रयोगगरेको उपकरण | हेभि उपभरणमा भएको खर्च |
|---|---|---|---|---|---|---|
| ५३।२०८१।०९। २४ | महाले मावि अर्खावाङ्ग मोटरबाटो | बाटो खन्ने | ननस्टपकन्स्ट्रक्सन एण्ड सप्लायर्स | १११४९४ | एक्साभेटर | ९९६६४ |
| ५२।२०८१।०९। २४ | माझाकोखोला देखि एकपाटे जोड्ने पुलमा बाटो | बाटो खन्ने | ननस्टपकन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५५३५५ | एक्साभेटर | ४९५९० |
| ४९।२०८१।०९। ०७ | दशैमोटरबाटो मर्मर संभार वडा नं. ३ | बाटो खन्ने | ननस्टपकन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३३४०६५ | एक्साभेटर | २८२८७२ |
| ४८।२०८१।०९। ०५ | मोटरबाटोसम्भार उपभोक्ता समिति वडा नं.२ | पहिरोसोर्ने | ननस्टपकन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५८९५७२ | एक्साभेटर | ५२०१७३ |
| ४७।२०८१।०९। ०४ | छापहिलेमोटरबाटो मर्मत उपभोक्ता समिति वडा नं. ५ | पहिरोसोर्ने | जानकासित्तल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४२७२५१ | एक्साभेटर | ३७८३२८ |
| ६०।२०८१।०९। २८ | शाखामोटरबाटो मर्मत वडा नं.१ | पहिरोसोर्ने | बडिगाडकन्स्ट्रक्सन प्रा लि | २६७१८२ | एक्साभेटर | २३६४५३ |
| ५५।२०८१।०९। २४ | इजरा घाकमोटरबाटो | पहिरोसोर्ने | बडिगाडकन्स्ट्रक्सन प्रा लि | ४२८७८१ | एक्साभेटर | ३७८३०८ |
| ८४।२०८१।१०। २९ | दशैमोटरबाटो मर्मर संभार उपभोक्ता समिति | पहिरोसोर्ने | ननस्टपकन्स्ट्रक्सन एण्ड सप्लायर्स | २१४४०७ | एक्साभेटर | १८९१५० |

६३.४ **उपभोक्ता समितिलाई वढी भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३३,७०६.५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१२,७५३.१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **२९,४६८.२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **६,५६२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८२,४९०.४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **५८,३४८.६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६४ **उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण व्यवसायीले काम गरेको-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमको उपनियम १३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट रु.५३,४६,३०५/- लागतका कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको बील बिजकको आधारमा भुक्तानी गरेको देखिन्छ । तसर्थ उपभोक्ता समिति सँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीमा उल्लेख भएको व्यवस्था पालना गरी खर्च गर्नुपर्दछ ।

| क्र.सं. | गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति लाई भुक्तानी रु. | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत रु. |
|---|---|---|---|---|---|
| १ | ४२/२०८१/८/१३ | मोटर बाटो मर्मत सम्भार उ.स | ३२०७१४ | करिष्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३२०८१९ |
| २ | ४३/२०८१/८/१३ | शाखा मोटर बाटो मर्मत मालिका ७ सम्भार उ.स निर्माण वडा नं ७ | ५५८६६८ | करिष्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६४३४४८ |
| ३ | ४५/२०८१/९/३ | दशै मोटर बाटो मर्मत उ.स | ५३६६४० | जानका सित्तल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि | ५९७६५५ |
| ४ | ३२/२०८१/६/५ | बोथ आरुधारा नेटा मोटरबाटो उ. स | २७७८२८३ | करिष्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३१६३९७९ |
| ५ | ८४/२०८१/१०/१९ | दशै मोटर बाटो मर्मत उ.स | १९२००० | नन स्टप कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २१४७०० |
| ६ | १२१/२०८१/११/२८ | आज्धारा नेटा सडक उ .स | ९६०००० | एन एण्ड एन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि | ११०३३२३ |
| जम्मा | | | ५३,४६,३०५/- | | |

६५ **बढी दररेटमा भुक्तानी -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **५६,२४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **१२,१७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **६८,७५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **२५८,५०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६६ **विद्यालयको अनुगमन नियमन -**

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य, शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने हुँदा अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

६७ **विद्यार्थी सङ्ख्याको सत्यापन -**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ ले तय गरेका कार्यक्रमहरु जस्तै: विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण लगायतका अनुदान वितरण गर्दा विद्यालयबाट प्रविष्ट तथ्याङ्क (EMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सत्यापन नगरी EMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS मा लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य रुपमा सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

६८ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर-**

पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६९ **राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन -**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धीव्यहोरा निम्नानुसार रहेका छन् :-

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाइ अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छैन ।

तसर्थ: पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

७० **विद्यालयको भौतिक पूर्वाधार व्यवस्था-**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

७१ **शैक्षिक क्षेत्र अनुदान-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था बमोजिम यस वर्ष रु.३,११,२४,०४९.०० निकासा खर्च भएको छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शिक्षण सहयोग अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले सोही कार्यक्रम अनुरुप यस वर्ष माध्यमिक विद्यालय शिक्षण सहयोग अनुदानमा रु.५१,४४,२४९.००, र आधारभुत विद्यालय शिक्षण सहयोग अनुदानमा रु.१४,२३,४१३.०० निकासा

खर्च लेखेको छ । त्यस अतिरिक्त पालिकाले १४ जना गाउँपालिका बालविकास शिक्षक, ८ जना नि.मा.वि. तथा मा.वि. तहका शिक्षक, १३ जना प्रा.वि. तर्फका शिक्षकहरुलाई गाउँपालिकाबाट नियुक्त गरी शैक्षिक क्षेत्रमा थप रु. ९०,५७,२०० विद्यालयहरुलाई अनुदान उपलब्ध गराएको छ जुन पालिकाको कुल आन्तरिक आय रु. ५६ लाख ३५ हजार को १६० प्रतिशत हुन जान्छ । प्रत्येक वर्ष यस प्रकृतिका कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले यस वर्ष युनाईटेड वर्ल्ड स्कुल UWS सँग साझेदारीमा नियुक्त शिक्षक तथा कर्मचारीहरुबाहेक अन्य शिक्षक २०८२ वैशाखबाट विस्थापन गरेको पाइयो । आन्तरिक श्रोतबाट प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप पारिश्रमिक खर्च रु. ८१,११,३७८।०० जस्ता अनिवार्य दायित्व भुक्तानी गर्नुपर्ने अवस्थामा समेत खर्च सुनिश्चितता बेगर शिक्षण सहयोग अनुदान वितरण गर्ने कार्यमा पुनर्विचार गरी नियन्त्रण गर्नुपर्ने देखियो।

७२ **दिवा खाजा** -

आर्थिक वर्ष २०८१।०८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।०८२ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकेको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।यस वर्ष पालिकाले शसर्त अनुदानबाट दिवा खाजा बापत रु.७२,५३,२४५ विद्यालयको खातामा निकासा गरेको पाइयो। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिले तोकिए बमोजिमका पौष्टिक खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै निकायबाट अनुगमन हुने गरेको देखिएन । सो अनुसार नगर्दा उपलव्ध गराएको लगानीको सही सदुपयोग भएको छ छैन यकिन हुन सकेन ।उपलव्ध गराएको रकमको खर्च सम्बन्धमा अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नु पर्दछ ।

७३ **उत्कृष्ट कार्य सम्पादन प्रोत्साहन:**

कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं.९.१ मा स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरी प्रथम र द्बितीय हुने विद्यालयलाई क्रमश रु.३ लाख र रु. 2 लाख निकासा गर्ने र विद्यालय छनौट गर्दा आधारभुततर्फ १०० विधार्थी भएका र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयलाई छनौट गर्ने उल्लेख छ। पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी 6 वटा विद्यालयलाई रु.५ लाख निकासा गरेको छ। यसरी २ वटा विद्यालयलाई निकासा हुने रकम मापदण्डमा नपर्ने सहित ६ वटा विद्यालयलाई निकासा भएको छ । तेस्रो स्थान हुने विद्यालयलाई रु. १ लाख निकासा खर्च लेखेकोले निर्देशिकाको पालना भएको देखिएन । नियमानुसार प्रोत्साहन प्रदान गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | स्थान | अनुदान रकम |
|---|---|---|---|
| १ | अर्जे मा वि मालिका ६ | प्रथम | १२५००० |
| २ | श्री देवीस्थान मा वि मालिका ३ | प्रथम | १२५००० |
| ३ | श्री छापहिले मा वि मालिका ५ | द्बितीय | ७५००० |
| ४ | श्री सिद्ध प्रा वि मालिका ५ | द्बितीय | ७५००० |
| ५ | श्री बारारुख आ वि मालिका ७ | तृतीय | ५०००० |
| ६ | श्री मारनडाँडा प्रा वि मालिका ३ (१०० विद्यार्थी नभएको) | तृतीय | ५०००० |
| | जम्मा | | ५००००० |

७४ **ICT सामाग्री खरिद आम्दानी अभिलेख:** (३९८-2082-03-17):

भचर नं. ३९८।२०८२।०३।१७ बाट श्री च्यानडा मा वि लाई ICT खरिदको लागि रु.६ लाख ५० हजार निकासा गरेकोमा विद्यालयले इन्भर्टर १ थान, डेक्स्टप २ थान, ल्यापटप २ थान, प्रिन्टर १ थान, सिसिटिभि १ सेट लयायतका समान खरिद गरेको

विल भरपाई पेस गरेको छ। संलग्न जिन्सी दाखिला प्रतिबेदनमा दाखिला नम्बर नभएको तथा मलेप फारम अनुसार दाखिला भएको समेत नदेखिएकोले मलेप फारम अनुसारको जिन्सी दाखिला गराई पालिकाले सोको अभिलेख राख्नुपर्दछ।

७५ **प्राविधिक धारको विद्यालय:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१८९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७६ **स्यानिटरी प्याड** -

सार्वजनिक खरिद नियमावली, २०६४ को ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ ।पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यकालागि भुसाल ट्रेड एण्ड सप्लायर्सबाट २६३३५ प्याकेट स्यानिटरी प्याड रु.८,०९,४३२/- मा खरिद गरी भुक्तानी गरेको पाईयो ।स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिएबमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । निर्देशिका बमोजिम तोकेको प्रकृया पुरा भएको नदेखिनु मनासिब देखिएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।

७७ **अतिरिक्त कामकाज गरेको भत्ता:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **३४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७८ **करार कर्मचारीको पारिश्रमिक भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा सङ्घीय सञ्चितकोष बाट प्रदेश वा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुन सुकै खातामा बाँकी रहेको रकम सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले सङ्घीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।साथै आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शनमा स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालयमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलब, महगीं भत्ता र पोशाक भत्ता शिर्षकबाट स्वीकृत दरवन्दी अनुसार स्थानीय तहको स्वास्थ्य तहमा कार्यरत कर्मचारी र कार्यालय सहयोगी र दरवन्दीमा रहेका करारका कार्यालय सहयोगीलाई मात्र तलब भत्ता भुक्तानी गर्न मिल्ने देखिन्छ । पालिकाले करारमा नियुक्त गरेका ल्याव असिष्टेण्ट सहायक चौथो पदका ३ जना र स्वास्थ इकाईमा कार्यरत सहायक चौथो ६ र कार्यालय सहयोगी ३ जना गरी १२ जनालाई ११ महिनाको रु.३०,११,७१२ भुक्तानी गरेको छ । पालिकाले यसरी नियुक्त गरेका कर्मचारीहरुलाई आषाढ महिनादेखि पालिकामा हाजिर नगराको तथा करार सम्झौता नविकरण नगरी सुधार गरिसकेको पालिकाको भनाई रहेको छ ।नियम विपरित सशर्त अनुदानको रकम खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

७९ **प्रसुति सेवा** -

स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन ,२०८१ मा २४ सै घण्टा प्रसुती सेवा सञ्चालन गर्न स्थायी जनशक्तिको कमी भएको स्वास्थ्य संस्थामा जनशक्ती व्यवस्थापन गर्न करार अ. न .मि को नियुक्ती नेपाल सरकारले तोकेको सहायक चौथो तहको दर अनुसार प्रति अ. नि. मि प्रति महिना रु.३२,९०२ का दरले हुने गरी विनियोजन गरेको छ । स्थानीय तहमा नर्सिङ कर्मचारी करार नियुक्तिको

लागि प्राप्त जम्मा बजेटलाई तोकिएको तलब दरले भाग गर्दा आउने संख्या अनुसार कर्मचारी भर्ना गर्नुपर्ने उल्लेख छ । यस पालिकाले रु. २६,७३० का दरले ४ जना नर्सिङ कर्मचारीलाई वर्षभरीमा रु.१३,८९,९६० तलब भुक्तानी गरेको छ । निर्देशिकाले तोकेबमोजिम सो कार्यक्रममा नर्सिङ कर्मचारी भर्ना का लागि प्राप्त भएको बजेट रु.११,८५,००० खर्च हुने गरी करारमा भर्ना गर्नु पर्नेमा निर्देशिका विपरित थप व्यभार पर्ने गरी नर्सिङ कर्मचारी भर्ना गरी नपुग रकम स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालयमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलब, महगीं भत्ता र पोशाक भत्ता शिर्षकबाट खर्च लेखेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,०४,९६० |

८० **औषधी खरिद –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । बोलपत्र र सोझै खरिद विधिबाट पालिकाले रु.१४,२३,०२४/- को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको अन्य व्यहोराहरु निम्नानुसार छनः

· औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

· आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएकोखुलाउने प्राविधिक परिक्षण नगरेको,

· औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

· औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

· म्याद समाप्त भएका औषधीहरु समयमै डिस्पोज नगरेको,

· पालिकाले खरिद गरेका र अन्य निकायबाट प्राप्त औषधीहरु मातहतका स्वास्थ्य इकाईहरुमा पठाउने गरेकोमा औषधिको खपत गरिसक्नुपर्ने अवधीमा उपभोग भए भएन त्यसको अनुगमन मूल्याङ्कन नगरेको ।

तसर्थ; औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८१ **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमसिलता विकास साझेदारी विकास परियोजना (हेफर)**

मालिका गाउँपालिकाले हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग देहायका उद्धेश्य राखी २०८२ आषाढ १६ सम्म कार्यान्वयन अवधि रहेको "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यम

सिलता विकास साझेदारी विकास परियोजना" संचालन गर्न कुल बजेट रु. ३,००,००,०००.०० को ७० प्रतिशत रकम रु. २,१०,००,०००.०० गाउँपालिकाले बेहोर्ने गरी मिति २०८० जेठ १८ गते सम्झौता गरेको पाइयो ।

• महिलाहरुलाई समूहमा आवद्ध गरी आर्थिक, सामाजिक सशक्तीकरण मार्फत जीविकोपार्जनमा सुधार गर्ने तथा युवाहरुको कृषि र पशु उद्यमशिलता विकासमा सहजीकरण गर्ने,

• उन्नत प्रविधिको अनुसरण गरी सुधारीएको बाख्रा, बंगुर, लोकल कुखुरा व्यवस्थापन तथा दुध, तरकारी, नगदेवाली, फलफुल तथा उच्च मुल्य कृषि उपजको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी परिवारको वार्षिक आम्दानी वृद्धि गर्ने,

• सामाजिक पुँजीको अभिवृद्धि गर्दै सहकारी दर्ता वा परियोजनाको उद्धेश्य अनुरुप सञ्चालन हुन तत्पर विद्यमान सहकारीहरुको संस्थागत विकासमा सहयोग गर्ने ।

सो विकास कार्यक्रम व्यवस्थापनको नेतृत्व हेफर प्रोजेक्ट नेपालले गर्ने र विकास कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र गैर सरकारी संस्था जन विकास केन्द्र, गुल्मीको रहने र हेफर प्रोजेक्ट नेपालले विकास कार्यक्रम साझेदार संस्था अर्थात गाउँपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा गाउँपालिकाले सो

विकास कार्यक्रमका नाममा यस वर्षको बजेट खर्च रु.६९,५९,०१२।- समेत २०८१/८२ को अन्तसम्म कुल खर्च रु. २,४४,७०,०१५.६२ लेखेको छ । २०८० श्रावण १६ देखि २०८२ असार १६ सम्म कार्यान्वयन अवधि रहेको उक्त परियोजना सयममा सम्पन्न नभएको अवस्थामा कार्यपालिकाको मिति ०८१।९।२५ को निर्णय नं. १५ बाट उक्त परियोजनाको समयावधि २०८२। ३।१७ सम्म थप गरेको तथा गाउँ सभाको १८ औँ अधिवेशनद्वारा परियोजनालाई निरन्तरता दिइने निर्णय भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

८१.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन । गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले अनुमानित लागतको ७० प्रतिशत खर्च रु. २,१०,००,०००.०० बेहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो कृषि सामाग्री, पशु तथा बागवानी सम्बन्धी खरिद र ढुवानीकार्यका लागि तथा तोकिएको रकमको सीमा भन्दा बढी हुने गरी सो विकास कार्यक्रम कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानुनसम्मत देखिएन ।

८१.२ आयोजना वा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च रहने मानिएका आयोजना तथा कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ । सम्झौताबमोजिम निम्नानुसार पशु र कृषि उद्यमशीलताका ३ क्षेत्र पशु खरिद तथा ढुवानी, बागवानी तथा ढुवानी तथा कृषि सामाग्री र यन्त्रका लागि अनुमानित लागत रु. ३ करोडको ५३.९४ प्रतिशतले रु. १ करोड ६१ लाख ८४ हजार तथा ती मुख्य कृयाकलाप परिचालनका लागि भने तालिम, प्राविधिक सेवा, तलब, अफिस सञ्चालन लगायतमा अनुमानित लागतको ४६.०६ प्रतिशतले रु. १ करोड ३८ लाख १६ हजारको सम्झौता गरेको छ ।

| क्र. सं. | बजेट शीर्षक र कार्यक्रम | अनुमानित बजेट रु. (०००) | बजेट प्रतिशत |
|---|---|---|---|
| | **उद्यमशिलता कार्यक्रमको प्रत्यक्ष लागत** | | |
| १ | पशु खरिद तथा ढुवानी | ४५०६००० | १५.०२ |
| २ | बागवानी तथा ढुवानी | १३६२७५० | ४.५४ |
| ३. | कृषि सामाग्री तथा यन्त्र | १०३१५००० | ३४.३८ |
| | **जम्मा (क)** | **१६१८३७५०** | **५३.९४** |
| | **कार्यक्रम संचालन खर्च** | | |
| ४. | तालिम | ४०६९७५० | १३.५७ |
| ५. | प्रविधिक सेवा तथामुल्याङ्कन | ४७२५५०० | १५.७५ |
| ६. | अफिस सञ्चालन | ६२८८७५ | २.०९ |
| ७. | तलब | ३६७२१२५ | १२.२४ |
| ८. | यातायात तथा ढुवानी | ७२०००० | २.४ |
| | **जम्मा (ख)** | **१३८१६२५०** | **४६.०६** |
| **९.** | **कुल अनुमानित लागत (क+ख)** | **३००००००००** | **१००.** |

गाउँपालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक, लेखालगायतका विषयगत क्षेत्र हेर्ने सांगठानिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा गाउँपालिका आफैले सो विकास कार्यक्रम संचालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मुल्यांकन नै नगरी सो कार्य गैरसरकारी संस्थाबाट गराउनु जवाफदेहिपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुँदैन । कृषि र पशुका लागि कुल बजेटको ५३.९४ प्रतिशत र सो कार्यक्रम परिचालनका लागि ४६.०६ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा सालबसाली खर्चमा प्रयोग हुने देखिन्छ । हेफर प्रोजेक्टले सो कार्यक्रमका लागि ३० प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । गाउँपालिका आफैले सो कार्यक्रम कार्यान्वियन गरेको भए सोका लागि गाउँपालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मुल्यांकनसमेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको छैन । अतः पालिकाका कृषि तथा पशु प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट लक्षित कार्यक्रम भन्दा संचालन लागत बढी हुने गरी गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

८१.३ **सम्झौता शर्त कार्यान्वयन-** पालिका र हेफर प्रोजेक्ट बिच भएको सम्झौता अनुसार कूल खर्चको पालिकाले ७० प्रतिशत र हेफर प्रोजेक्टले ३० प्रतिशत व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । यो वर्षसम्म पालिकाले देहायअनुसार प्रोजेक्टलाई रु. १,७२,०६,६५१.१५ भुक्तानी दिएको र हेफरको तर्फबाट रु.७२,६३,३६४.४९ खर्च भएको विवरण प्राप्त भएको छ । पालिकाले कुल खर्च रकम रु.२,४४,७०,०१५.६२ को सम्झौतामा भएको व्यवस्था अनुसार ७० प्रतिशतले हुने रु. १,७१,२९,०१०।९३ भुक्तानी गर्नु पर्नेमा रु. १,७२,०६,६५१.१५ भुक्तानी गरेकोले हेफरलाई सम्झौता अनुसारको अनुपातमा खर्च भुक्तानी गरेको देखिएन । पालिकाले सम्झौतामा भएको अनुपात अनुसार रु. ७७,६४०।२२ बढी भुक्तानी गरेको रकमको हिसाब समायोजन हुनुपर्दछ ।

| क्र. सं. | बजेट शीर्षक र कार्यक्रम | सम्झौता अनुसार व्योहर्नुपर्ने | | हालसम्म भएको खर्च | |
|---|---|---|---|---|---|
| | उद्यमशिलता कार्यक्रमको प्रत्यक्ष लागत | गाउँपालिका | हेफर | गाउँपालिका | हेफर |
| १ | पशु खरिद तथा ढुवानी | ४५०६०००.०० | ०.०० | ४४४४५५०.०० | ०.०० |
| २ | बागवानी तथा ढुवानी | १११०७५०.०० | २५२०००.०० | २०६३९३०.०० | ४१७२००.०० |
| ३ | कृषि सामाग्री तथा यन्त्र | ८५६५०००.०० | १७५००००.०० | ७८९६४४६.७० | ४३०८००.०० |
| | कार्यक्रम संचालन खर्च | | | | |
| ४ | प्रविधिक सेवा तथा मुल्याङ्कन | ३६६५५००.०० | १०६००००.०० | १४४७२६७.४५ | ५००९८८.७१ |
| ५ | तालिम | ३१५२७५०.०० | ९१७०००.०० | १३५४४५७.०० | ११५४७४३.०० |
| ६ | यातायात तथा ढुवानी | ०.०० | ७२००००.०० | ०.०० | ६९७२९७.०० |
| ७ | अफिस | ०.०० | ६२८८७५.०० | ०.०० | ६२७३२७.२८ |
| ८ | तलब | ०.०० | ३६७२१२५.०० | ०.०० | ३४३५००८.५० |
| | जम्मा | २१००००००.०० | ९००००००.०० | १७२०६६५१.१५ | ७२६३३६४.४९ |

८१.४ **रकमान्तर**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले देहायका शीर्षकमा मिति २०८१।०९।२५ गतेको हिँउदो गाउँसभाबाट सम्झौता शर्त भन्दा रु. ९,५३,१८०।- रकमान्तर गरी खर्च गरेको देखियो । पालिकाले निश्चित कार्यक्रम अनुसारको सम्झौता गरी सम्झौतामा उल्लेख भएको भन्दा फरक कार्य गरी हेफर प्रोजेक्ट नेपालले पेश गरेका खर्चका विवरण र सोको पुष्ट्याईलाई विस्तृत परीक्षण गर्ने गरेको पाइएन । पालिकाले सम्झौता शर्तमा रकमान्तर गर्दा श्रोत व्यवस्थापन बारे उल्लेख गरेको देखिएन । हेफर नेपालबाट गर्नुपर्ने कार्य प्राविधिक सेवा तथा मुल्याङ्कन तथा तालिम शीर्षकबाट पालिकाले व्यहोर्नुपर्ने बागवानी तथा ढुवानी शीर्षकमा रकमान्तर गरेको उचित देखिएन ।

| क्र. सं. | बजेट शीर्षक र कार्यक्रम | सम्झौता रकम | हाल सम्मको खर्च | सम्झौता भन्दा बढी खर्च |
|---|---|---|---|---|
| १ | बागवानी तथा ढुवानी | १११०७५०.०० | २०६३९३०.०० | ९५३१८०.०० |
| | जम्मा | | | ९५३१८०.०० |

८१.५ सार्वजनिक निकायले निर्माण कार्य, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानुनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन । गाउँपालिकाले कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उध्मसिलता विकास साझेदारी विकास परियोजना व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो विकास कार्यक्रमको कार्यान्वियन सम्पूर्ण रुपमा स्थानीय गैरसरकारी संस्था जन विकास केन्द्र, गुल्मी मार्फत गराएको छ । पहिलो पक्ष गाउँपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै विकास कार्यक्रमको कार्यान्वियन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वियन गर्ने गराउने कार्य विधिसम्मत् देखिएन ।

८१.६ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्यिन गर्नुपर्ने व्यवस्था छ । यस विकास कार्यक्रम वा कार्यक्रमका संभाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण, कृयाकलापगत विस्तृत गतिविधि (कृषि, पशु र बागवानीका खरिदका परिमाण, दर र रकम तथा ढुवानी) र प्रतिफलको लेखाजोखा नगरी

विकास कार्यक्रम स्वीकृत गरेको छ । विकास कार्यक्रममा लाग्ने कार्यक्रमगत खर्चको भार गाउँपालिकाले बेहोर्ने भए तापनि सोको व्यवस्थापन र कार्यान्वयनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिने कार्य सार्वजनिक खरिद कानुन तथा आर्थिक कार्यविधि कानुन बमोजिम रहेको पाइएन।

८१.७ **बिलविजक-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त फर्मबाट गर्नु पर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु अ करमा दर्ता भएकाबाट पर्ने व्यवस्था रहेको छ । त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार बस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष हेफर प्रोजेक्टलाई रु.६९,५९,०१२।- भुक्तानी गरेको र हेफर प्रोजेक्टले स्थानीय साझेदार जन विकास केन्द्र, गुल्मी मार्फत कार्यक्रम कार्यान्वयन गरेकोमा हेफर नेपाल वा स्थानीय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अतः कानुन अनुसार बिल जारी नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । यसमा यथाशिघ्र सुधार गरिनु पर्दछ ।

८१.८ आयकर ऐन, २०५८ को दफा ७, ८, र ९ बमोजिम क्रमशः व्यवसाय, रोजगारी तथा लगानीको आय भए सोको गणना गरी करयोग्य आयमा कर लाग्ने व्यवस्था छ । सोही ऐनको दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले र दफा ८९ बमोजिम ठेक्का वा करार वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। विकास कार्यक्रम संचालनका लागि तालिम, प्राविधिक सेवा र मुल्याङ्कन कार्यका लागि बजेट व्यवस्था गरेको र सोको संचालन हेफर प्रोजेक्ट नेपालले गर्ने हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने देखिन्छ। तालिम तथा प्राविधिक सेवा र मुल्यांकनको लागत, दर, र कृयाकलाप गाउँपालिकाले स्वीकृत गरेको पाइएन । हेफर प्रोजेक्ट नेपाल गैर नाफामूलक संस्था रहेको भए तापनि संस्थाको मुख्य उद्धेश्य भन्दा पृथक खोर निर्माण, प्राविधिक सेवा, कार्यक्रम तथा तालिम संचालन जस्ता प्राविधिक सेवाको भुक्तानीमा कर छुट नहुनुका साथै सो संस्थाले पुनः अर्को स्थानीय संस्था जन विकास केन्द्र, गुल्मीमार्फत सेवा प्रदान गराएको हुँदा जन विकास केन्द्र, गुल्मीलाई हुने भुक्तानीमा सेवा शुल्क लगायतका प्रतिफल समावेश हुने हुँदा सो अवस्थामा भुक्तानी गर्दा सोमा ऐनको दफा ८८ र ८९ बमोजिम कर कट्टी गर्नु पर्ने हुन्छ । सो सम्बन्धमा हेफर प्रोजेक्ट नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानुनी आधार पेश गर्नुपर्ने अन्यथा यो वर्षको खर्च रकम रु.६९,५९,०१२।- मा हेफर प्रोजेक्ट नेपालले अर्को संस्थालाई दिएको भुक्तानी रकमलाई समेत आधार लिई आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्राकृतिक भुक्तानीमा कर कट्टी गर्न निक्यौंल गर्नुपर्दछ ।

८१.९ विकास कार्यक्रम संचालनपूर्व सो सम्बन्धी विस्तृत अध्ययन विश्लेषण गर्नुपर्दछ । विकास कार्यक्रमको उद्धेश्य प्राप्ती भएनभएको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । विकास कार्यक्रम व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले विकास कार्यक्रम साझेदार संस्था अर्थात गाउँपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौतामा उल्लेख गरे तापनि सो सम्बन्धी कारवाही गरेको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश गरेको पाइएन । सम्झौतामा उल्लिखित लाभग्राहीको सामाजिक पुँजीको अभिवृद्धि, कृषि तथा बाख्राको उत्पादन र उत्पादकत्चको अभिवृद्धि, बजार व्यवस्थापन, र उद्यमशीलताको अभिवृद्धि गर्ने मुख्य उद्धेश्यहरू के कति हासिल भयो भनि खर्चको सार्थकतासहित मुल्यांकन गरेको पाइएन। विकास कार्यक्रमको उद्धेश्य र खर्चको सार्थकता प्राप्त गरेनगरेको सम्बन्धमा मुल्याङ्कन गरिनुपर्दछ ।

८२ **प्रधानमन्त्री रोजगार कार्यक्रम** –

८२.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा

समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन ।

· सूचिमा समावेश भएका श्रमिकलाई प्राथमिकिकरण गरे पनी सो अनुसार कार्यान्वयन पूर्ण रुपमा भएको छैन ।

· १०० दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी न्यून दिन सम्मको मात्र रोजगारी प्राप्त गरेको पाईयो ।

· अधिकाँश योजना पूर्वाधार एवं अन्य विकास निर्माणका लागि छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी छनौट भएका छन् ।

यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, नाली निर्माण, पोखरी निर्माण, ताल निर्माण र पर्खाल निर्माण लगायतका ३० वटा योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष १७२ जनालाई रोजगारी उपलव्ध गराई रु. ४७,८८,७९६/- खर्च गरेको छ । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।यसमा सुधार र व्यबस्थित गर्नका लागि पालिका सहित सम्बन्धित सबैको ध्यान जानु पर्ने देखिन्छ ।

८२.२ **दर रेट** – प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं २७ (२) ले श्रमिकको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुने रकममध्ये जुन बढी हुन्छ, सोही दर लागू हुने स्पष्ट व्यवस्था गरेको छ। तर, यस पालिकाले तपसिलबमोजिमका योजनाहरूमा दर विश्लेषण गर्दा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेट रु. ८५० नै राखी प्राविधिक मूल्याङ्कन गरेको पाइएको छ। निर्देशिकाले स्थानीय दररेटको ८० प्रतिशत मात्र राख्नुपर्नेमा पूरै दररेट राखेर दर विश्लेषण गर्दा कार्यको मूल्याङ्कन निर्देशिका विपरीत बढी भएको देखिन्छ। यद्यपि, पालिकाले बढी दर राखेर लागत अनुमान तयार र कार्यको मूल्याङ्कन गरे पनि, श्रमिकलाई निर्देशिकाले तोकेको दर रु. ६६८ मा मात्र ज्याला भुक्तानी गरेको बताएको छ। निर्देशिका विपरीत दररेट राखी लागत अनुमान तयार तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको हुँदा यो कार्य अनियमित देखिएको रु.

| सि.न | योजनाको नाम | भुक्तानी हुनु पर्ने रकम | भुक्तानी भएको रकम | फरक रकम |
|---|---|---|---|---|
| १ | इजरा भल्खडा माझागांउदेखि मालिकाचौर तिखेचुली पर्यटकीय स्थल सिंढी निर्माण (प्रधानमन्त्री रोजगार संग लागत साझेदारी) | ३१०७७० | ४६७६०० | १५६८३० |
| २ | झाँक्रीबारी जैदिपोखरा माझगाउँ सिँढी निर्माण (प्रधानमन्त्री रोजगार संग लागत साझेदारी) | २०९७९२ | ३३४००० | १२४२०८ |
| ३ | उखु पेल्ने दह ट्रष्ट निर्माण (प्रधानमन्त्री रोजगारसँग साझेदारी) | ५२३१६ | १३३६०० | ८१२८४ |
| ४ | प्र. रो. का. साझेदारीमा च्याडडाँडा,दर्लिङ्ग बजार उचालढुङ्गा,वडा कार्यालय सिडी निर्माण | २५५८८२ | ४३४२०० | १७८३१८ |
| ५ | प्र. रो. का. साझेदारीमा राम्चे, हे. पो.उपल्लीपौवा, रत्निगाढे, पल्लाबारी पै. मार्ग | २१६४३१ | ३२०६४० | १०४२०९ |
| ६ | चौपारी निर्माण (प्रधानमन्त्री रोजगारसँग साझेदारी) | १४८७७० | २१३७६० | ६४९९० |
| जम्मा | | | | ७,०९,८३९/- |

| अनियमित भएको | ७,०९,८३९ |
|---|---|

## ८३ सामाजिक सुरक्षाः

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन :

**भत्ता निकासा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रूपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरूको खातामा दाखिला गर्न पहिलो, दोस्रो, तेस्रो र अन्तिम चौथो त्रैमासिक गरी जम्मा रू.१३ करोड ३० लाख ५२ हजार ७८७ बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सीमाभित्र रकम बैंकमा पठाएको देखिएन। नियमावलीले तोकेको समयावधिभित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

**हिसाब मिलान** - सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिनभित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन। आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो। सम्झौता कार्यान्वियनमा जिम्मेवार हुनु पर्दछ।

**लगत कट्टा फिर्ता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भई घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भएका लाभग्राहीको खातामा सो अवधि पछिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको मृत्यु दर्ता अभिलेख, लगत कट्टा र निकासाको विवरण प्राप्त हुन नसकेकोले पालिकाले यकीन गरी आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ ।

८४ **१५ शैया अस्पताल भवन निर्माणः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) मा निर्माण व्यवसायीबाट अग्रीम बैंक जमानत लिई २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । दफा ५२(क) को उपदफा २ मा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधारमा नबढ्ने गरी र बाँकी कार्य प्रगतिका आधारमा दिन सकिने व्यवस्था छ । त्यसैगरी Contract Bid Document को GCC 57.1 मा मोविलाइजेशन पेश्की दुई किस्तामा १०/१० प्रतिशतका दरले २० प्रतिशत दिन सकिने व्यवस्था उल्लेख छ । पहिलो किस्ता सम्झौता भएपछि बैंक ग्यारेन्टी सहित भुक्तानी दिनुपर्ने र दोश्रो किस्ता Project Manager बाट कार्य प्रगति तथा बीमा पोलिसीको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले १५ शैया अस्पताल निर्माणको लागि रू.२०,२६,९१,८२७।८१ लागत अनुमान तयार गरी SCSPL/DLB-IB सुर्यविनायकसँग रू.१५४१९९८०४।४० (मू.अ.कर सहित) २४ महिनाभित्र सम्पन्न गर्ने गरी २०८२।३।९ मा सम्झौता गरेकोमा पेश्की सम्वन्धी उल्लेखित कानुनी व्यबस्था पालना नगरी पालिकाले ३ दिनको फरकमा बीमा पोलिसी तथा कार्य प्रगतिको प्रतिवेदन बेगर उक्त अस्पताल निर्माण कार्यको लागि पहिलो किस्ता १-२०८२।३।२२ मा रू.१,३५,५७,२२१।- र लगत्तै दोश्रो किस्ता ३-२०८२।३।२५ मा रू.१,१४,००,०००।- गरी रू.२,४९,५७,२२१।- मोविलाइजेशन पेश्की भुक्तानी भएको छ ।खरिद ऐन तथा सम्झौतामा भएका प्रावधानलाई पालना गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित बनाउनु पर्छ ।

८५ **आन्तरिक आयको अनुपातः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४,३८,०५,०३१ | ६१,८६,६१०।८० | १.३९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३९ प्रतिशत मात्र रहेको छ । श्रोत साधनको अभावमा माग अनुरुप विकास निर्माण र सेवाप्रवाह संकुचन हुने अवस्थाको समाधान गर्न अधिकारक्षेत्र भित्रका संभाव्य करका दायरा विस्तार गरि पालिकाको आन्तरिक आय सङ्कलनलाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । आन्तरिक आय सम्बन्धी थप व्यहोरा देहायअनुसार छ ।

फरक शीर्षकमा आय अनुमान तथा दाखिला - एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा आय र ब्ययको बर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको स्थानीय राजश्व परामर्श समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्वको स्रोत, दायरा, क्षेत्र तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने कर तथा गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर, राजश्व प्रशासन सुधार तथा राजश्व सम्वन्धी आवश्यक कानुनको तर्जुमा, संशोधन, परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने उल्लेख छ । त्यस्तै सोही दफाको ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्ने उल्लेख छ ।

देहाय अनुसार राजश्व परामर्श समितिबाट सन्तुलित रूपमा आम्दानी प्रक्षेपण नगर्दा वास्तविक आम्दानी र आयको अनुमान को सामन्जस्यता देखिएन । यसबाट भएको वा प्राप्त हुनु पर्ने आम्दानी पालिकाले प्राप्त गरे नगरेको सम्वन्धमा एकिन नहुने र निर्धारण भएको वजेट तथा कार्यक्रममा समेत स्रोतको कमी भई सञ्चालन अनिश्चितता बढ्न पुग्दछ । आर्थिक संकेत र वर्गीकरण, २०७४ अनुसार आम्दानी तथा बजेट वास्तविक र सन्तुलित हुने गरी राजश्व अनुमान तथा प्राप्ति हुनु पर्दछ ।

| क्र.सं. | राजस्व संकेत | राजस्व शिर्षक | अनुमान | असुली |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ०.०० | १५,४९०.०० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ९,००,०००.०० | १,२९,९६३.५० |
| ३ | ११३१७ | वहाल कर | ०.०० | २,५४,२८५.४६ |
| ४ | ११३१८ | वहाल विटौरी कर | २०,००,०००.०० | ८,६२५.०० |
| ५ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ६२,६९,९५८.०२ | ०.०० |
| ६ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ०.०० | १,११,०२५.०० |
| ७ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | १,२७,०००.०० |
| ८ | ११६९१ | अन्य कर | ०.०० | २,२६,३३६.०० |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ९२,५००.०० |
| १० | १४२२१ | न्यायिक दस्तूर | ०.०० | ९००.०० |
| ११ | १४२२४ | परीक्षा शुल्क | ०.०० | ५९,८००.०० |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ८,१३,५७०.३१ |
| १३ | १४२४३ | सिफारिश दस्तुर | २०,००,०००.०० | ६,७९,२०५.०० |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | ६,२९,८५०.०० |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ०.०० | ३,००,५००.०० |
| १६ | १४२४९ | अन्य दस्तुर | ०.०० | ४०,१६०.०० |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | १,५२,१८७.५० |
| १८ | १४२६५ | अन्य क्षेत्रको आय | १४,५०,०००.०० | २०,३००.०० |
| १९ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ०.०० | २९,५९०.०० |
| २० | १४५२९ | अन्य राजस्व | ०.०० | ३,९७,३६१.०३ |
| २१ | १४६११ | व्यवसाय कर | १९,००,०००.०० | ९,९३,४०६.०० |
| २२ | १५१११ | बेरूजू | ०.०० | १,९१,६२२.०० |
| २३ | ३२१२१ | नगद | ०.०० | ०.०० |
| **जम्मा** | | | **१,४५,१९,९५८.०२** | **५२,७३,६७६.८०** |

८६ **स्थानीय तहको आन्तरिक राजश्वको परिचालनः**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहहरुलाई कर, शुल्क, सेवा शुल्क, दस्तुर, वस्तु तथा सेवा बिक्री, रोयल्टी आदि राजश्वका अधिकारहरु प्रदान गरेको छ। तदनुरुप पालिकाले राजश्व प्रशासनलाई प्रभावकारी बनाउने र आफ्नो करका दायरालाई विस्तार गरि आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गर्नुपर्दछ।

८७ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.९ लाख ९३ हजार

४०६ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

८८ **राजश्व अभिलेखः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा अनुसार वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म. ले. प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म. ले. प. फारम नं. २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा अनुसार वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म. ले. प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वारा खाता र म. ले. प. फारम नं. २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

८९ **राजश्व अभिलेख निरीक्षण नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अवस्था रहेन । पालिकाको प्रकृयामा सुधार गरी राजश्व आम्दानी व्यवस्थित हुनु पर्दछ । पालिकाबाट यस वर्ष आन्तरिक आय रू.६१,८६,६१०।८० प्राप्त गरेकोमा सेवा प्रवाहसँग भिडान हुने गरी राजश्व सम्वन्धि म.ले.प.फा.नं.नराखेको र प्राप्त आम्दानी तथा प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन । राजश्व सम्वन्धी म.ले.प. फारमहरुको व्यवस्थित प्रयोग गरी नियमावलीमा तोके अनुसार निरीक्षण गराई राजश्व आम्दानी व्यवस्थित गर्नु पर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अवस्था रहेन । पालिकाको प्रकृयामा सुधार गरी राजश्व आम्दानी व्यवस्थित हुनु पर्दछ । पालिकाबाट यस वर्ष आन्तरिक आय रू.६१,८६,६१०।८० प्राप्त गरेकोमा सेवा प्रवाहसँग भिडान हुने गरी राजश्व सम्वन्धि म.ले.प.फा.नं.नराखेको र प्राप्त आम्दानी तथा प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन । राजश्व सम्वन्धी म.ले.प. फारमहरुको व्यवस्थित प्रयोग गरी नियमावलीमा तोके अनुसार निरीक्षण गराई राजश्व आम्दानी व्यवस्थित गर्नु पर्दछ ।

९० **राजश्व दाखिलाः**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन र सोही दिन सम्भव नभएमा भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा २७(४) अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा तीन दिनभन्दा बढी अवधि ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । यस

पालिका कार्यालय अन्तर्गत ८ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला नगरि महिनामा १ पटक दाखिला गर्ने गरेको छ। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी कानुन बमोजिम जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

९१ **राजश्व बाँडफाँडः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **९६,७२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९२ **आय ठेक्काः**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ४ मा नदीजन्य पदार्थको संकलन, उत्खनन् र बिक्री सम्वन्धी व्यवस्था सम्वन्धमा कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी पालिका सभाद्धारा स्वीकृत दरमा उत्खनन्, संकलनको अनुमती र बिक्रीको लागि ठेक्का मिलाउन सक्ने व्यवस्था छ । दफा ७ (१ र २) मा पालिकाले उत्खनन् गर्न तोकिएको स्थानमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन् हुन नदिन संकलन आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् क्षेत्र निर्धारण गरी लाइन लेभल समेत दिनुपर्ने व्यवस्था छ र उत्खनन् लागि स्वीकृति दिइएको क्षेत्रको सम्वन्धित पालिकाले नियमित अनुगमन समेत गर्ने र सम्झौतामा उल्लेख भएबमोजिमको उत्खनननयोग्य परिमाण र क्षेत्रको उत्खनन् भैसकेको पाइएमा अनुगमन समितिले उत्खनन् कार्य बन्द गर्न निर्देशन दिन सक्ने व्यवस्था छ । पालिकाको क्षेत्राधिकारभित्र भएका वातावरणीय अध्ययन प्रतिवेदन अनुसार ४ स्थानको लागि पालिकाले सूचना प्रकाशन गरी सिस्नेरी घाट निस्दीखोला क्षेत्र वार्षिक उत्खनन् परिमाण ५०८५ घनफिटको लागि रू.३०,५११।– (मु.अ.कर बाहेक) प्रशान्त प्रवेश कन्स्ट्रक्सनसँग सम्झौता देखिन्छ । अर्जै खोला (ख) साउबोट बगर क्षेत्रको लागि वार्षिक सिफारिस २७६८६ घनफिटको लागि गरेकोमा उक्त क्षेत्रको वार्षिक राजश्व संकलन रू.१,६६,११७।– (मु.अ.कर बाहेक) तोकेकोमा पालिकाले भाञ्जाश्री विल्डर्स एण्ड सप्लायर्ससँग ठेक्का सम्झौता गरेको देखिन्छ । त्यसैगरी अर्जैखोला (क) को १३५६१ घन फिटको लागि बरपिपल कन्स्ट्रक्सनसँग रू.१,०२,०००।- मा सम्झौता भएको छ भने नेट्टा लिलिङ्ग बडिगाढको लागि रू.२,८०,१००।- (मु.अ.कर बाहेक) सम्झौता भएको देखिन्छ । वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेको साविक परिमाणमा ठेक्का भै बढी रकममा अर्जैखोला (क) र नेट्टा लिलङ्ग बडिगाढको सम्झौता भएको छ । पालिकाले सूचना प्रकाशन गरी अन्य ३ पटक बोलपत्र आव्हान गरेपनि ठेक्का लागेको देखिएन ।

| क्र.सं. | उत्खनन क्षेत्र | IEE को वार्षिक सिफारिस घन मि. | मूल्याङ्कित रकम (मु.अ.कर बाहेक) | ठेक्का लागेको क्षेत्रफल घन मि. | ठेक्का लागेको रकम |
|---|---|---|---|---|---|
| १ | सिस्नेरी घाट निस्दीखोला क्षेत्र | १४४ (५०८५ घ.फि.) | २७,९६९।- | १४४ | ३०५११।- |
| २ | अर्जे खोला (ख) साउबोट बगर क्षेत्र | ७८४ (२७६८६ घफिट) | १,६६,११७।- | ७८४ | १,६६,११७।- |
| ३ | अर्जैखोला (क) डढुवा बगर क्षेत्र | ३८४ (१३५६१ घफिट) | ८१,३६३।- | ३८४ | १,०२,०००।- |
| ४ | नेटा लिलिङ्ग बडिगाढ तथा दुनाम | ७५६ (२६६९७ घनफिट) | १,६०,१८४।- | ७५६ | २,८०,१००।- |
| ५ | डाडाखेत क्षेत्र | १३२ | २७,८६९।- | ठेक्का नलागेको | |
| ६ | घमिर खोला | १७६ | ३७,३७६।- | ठेक्का नलागेको | |
| ७ | अल्छ्याङ्ग घाट | १२९६ | २,७४,६०२।- | ठेक्का नलागेको | |
| ८ | तिलाकोटे बगर | ११५२ | २,४४,०९०।- | ठेक्का नलागेको | |
| ९ | फुलबारी घाट | ५६७ | १,२०,१३८।- | ठेक्का नलागेको | |
| १० | हुल खोला क्षेत्र | १६० | ३३,९०१।- | ठेक्का नलागेको | |
| ११ | कटाह शाहीरूम्टा बगर | ३६० | ७६,२७८।- | ठेक्का नलागेको | |
| १२ | गिठे कटाह बगर क्षेत्र | १५८ | ३३,३७२।- | ठेक्का नलागेको | |
| १३ | हुलखोला क्षेत्रमा पर्ने नदीजन्य पदार्थ बिक्री कार्य | IEE को सिफारिस भएको नपाइएको | १,९२,१००।- | | |

उल्लिखित विवरण अनुसार पालिकाले ठेक्का बन्दोबस्त गरेका चार ठेक्काहरूमा नियमित अनुगमन तथा मूल्याङ्कन सम्वन्धमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ७ बमोजिमको कार्यमा ध्यान दिएको पाइएन ।

• यस वर्ष लागेका पाँचवटै ठेक्काको मु.अ.कर सहितको रू.७,५३,१५०।- आम्दानी जनाएको देखिन्छ । हुलखोला क्षेत्रमा पर्ने नदीजन्य पदार्थ बिक्री कार्यसम्वन्धी ठेक्कामा वातावरणीय प्रभाव मूल्याङ्कनको सिफारिस अनुसार घन फिट क्षेत्रफलमा लाग्ने ठेक्काको विवरण प्राप्त हुन सकेन । यसमा कार्यालयले प्रदान गरेको विवरण अनुसार रू.२,०२,०५०।– आम्दानी प्राप्त भएको छ ।

• बढी उत्खनन हुन नदिन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खननको क्षेत्र निर्धारण गरी लाइन लेभल दिएको देखिएन ।

• स्वीकृत दिएको क्षेत्रको पालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन को आधारमा अनुगमन गरेको देखिएन ।

• दफा ७(६) अनुसार व्यवसायीले प्रत्येक दिन उत्खनन गरेको परिमाणको दैनिक तेरिज पालिकामा पेश गरेको देखिएन ।

• पालिकाले अनियन्त्रित उत्खनन कार्यलाई रोक्ने र वातावरणीय प्रभाव अनुकुल बनाउने कार्यको लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन ।

• अर्जैखोला (क) डढुवा बगर क्षेत्र र नेटा लिलिङ्ग बडिगाढ तथा दुनाम क्षेत्रको उत्खनन कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कनले गरेको सिफारिस बेगर बढी रकम अङ्क सम्झौता गरेको देखियो ।

९३ **आय ठेक्कामा मूल्य अभिवृद्धि करः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **२९,५९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मालिका गाउँपालिका, गुल्मी , मालिका गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विकास खनाल | २०८१-०४-०१ | २०८१-०६-०६ |
| कार्यालय प्रमुख | कमल बहादुर क्षेत्री | २०८१-६-१४ | २०८१-१२-०३ |
| कार्यालय प्रमुख | काशी राम पन्थी | २०८१-१२-०६ | २०८२-०२-२० |
| कार्यालय प्रमुख | ओमबहादुर भण्डारी मगर | २०८२-०२-२५ | २०८२-०४-०४ |
| लेखा प्रमुख | राम कुमार के.सी | २०८१-०४-०१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२०५,२७२.१८ | १,१८६,४७६ | १,२३३,१३७ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३,६२४,८८५.१८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,४३८,४०९.१८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १,१८६,४७६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २६३७३२६०.६६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४१५३१३३९२ | चालु खर्च | ३४१०४६९२३.५७ |
| प्रदेश सरकारबाट अनुदान | २१८९४२९१ | पूँजीगत खर्च | १५७४४०४५५.४२ |
| राजश्व बाँडफाँट | ८५१२३९०४.५९ | वित्तीय/अन्य व्यवस्था | २४८१४१४१७.८६ |
| आन्तरिक आय | ५६३५५१०.८ | | |
| अन्य आय | २२३७४९०५१.६ | | |
| कुल आय | ७५१७१६१४९.९९ | कुल खर्च | ७४६६२८७९६.८५ |
| बाँकी मौज्दात | | ३१४६०६१३.८ | |

**अनुसूची - २**

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : लुम्बिनी प्रदेश जिल्ला : गुल्मी स्थानीय तह : मालिका गाउँपालिका, गुल्मी | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,५२,७४,२८२.६९ | ० | ८,५२,७४,२८२.६९ | ८,०१,०७,२४५.६८ | ० | ८,०१,०७,२४५.६८ |
| १३००० | अनुदान | | ४०,४९,९३,३९९.३६ | ० | ४०,४९,९३,३९९.३६ | ३८,५४,७८,८०८.७२ | ० | ३८,५४,७८,८०८.७२ |
| १४००० | अन्य राजस्व | | ४८,९४,९४२.३० | ० | ४८,९४,९४२.३० | ५४,३१,५३३.४५ | ० | ५४,३१,५३३.४५ |
| १५००० | विविध प्राप्ति | | २,०६,३८५.०० | ० | २,०६,३८५.०० | ३,७९,४३६.०० | ० | ३,७९,४३६.०० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | | ० | ० | ० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ४९,५३,६९,००९.३५ | | ४९,५३,६९,००९.३५ | ४७,१३,९७,०२३.८५ | | ४७,१३,९७,०२३.८५ |
| ३ | चालु | | ३४,१०,४६,९२३.५७ | ० | ३४,१०,४६,९२३.५७ | ३२,२३,८३,२२७.३४ | ० | ३२,२३,८३,२२७.३४ |
| २१००० | पारिश्रमिक / सुविधा | | २०,३५,४६,६०८.४७ | ० | २०,३५,४६,६०८.४७ | १७,९४,२७,२२५.३३ | ० | १७,९४,२७,२२५.३३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,०६,७७,६५३.७४ | ० | ७,०६,७७,६५३.७४ | ५,७२,७९,०५६.२३ | ० | ५,७२,७९,०५६.२३ |
| २५००० | सहायता (Subsidy) | | ६,२०,२४,००३.५६ | ० | ६,२०,२४,००३.५६ | ७,३९,३४,४१९.७८ | ० | ७,३९,३४,४१९.७८ |
| २६००० | अनुदान | | ० | ० | ० | ३,६९,०००.०० | ० | ३,६९,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० | सामाजिक सुरक्षा | | ३७,१७,३३६.८० | ० | ३७,१७,३३६.८० | १,०३,५९,९६०.०० | ० | १,०३,५९,९६०.०० |
| २८००० | अन्य खर्च | | १०,८१,३२१.०० | ० | १०,८१,३२१.०० | १०,१३,५६६.०० | ० | १०,१३,५६६.०० |
| ४ | पूंजीगत | | १५,७४,४०,४५५.४२ | ० | १५,७४,४०,४५५.४२ | १६,०३,००,३४६.४९ | ० | १६,०३,००,३४६.४९ |
| ३१११० | भवन तथा संरचना | | २,३७,४२,४६९.६३ | ० | २,३७,४२,४६९.६३ | ४,००,४३,७७५.२८ | ० | ४,००,४३,७७५.२८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १६,०५,८६७.०० | ० | १६,०५,८६७.०० | ११,८१,४५९.०० | ० | ११,८१,४५९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ८०,५५,०८१.०० | ० | ८०,५५,०८१.०० | ३६,०८,८६५.०० | ० | ३६,०८,८६५.०० |
| ३११४० | सुरक्षा उपकरण | | १,९९,९३५.०० | ० | १,९९,९३५.०० | १३,०२,०६८.०० | ० | १३,०२,०६८.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १०,८७,९९,८३८.६९ | ० | १०,८७,९९,८३८.६९ | १०,१७,३५,०८७.५० | ० | १०,१७,३५,०८७.५० |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | | ३५,४५,६२९.०० | ० | ३५,४५,६२९.०० | २५,०००.०० | ० | २५,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,१४,९१,६३५.१० | ० | १,१४,९१,६३५.१० | १,२४,०४,०९१.७१ | ० | १,२४,०४,०९१.७१ |
| ख) | कुल जम्मा भुक्तानी | | ४९,८४,८७,३७८.९९ | | ४९,८४,८७,३७८.९९ | ४८,२६,८३,५७३.८३ | | ४८,२६,८३,५७३.८३ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (३१,१८,३६९.६४) | | (३१,१८,३६९.६४) | (१,१२,८६,५४९.९८) | | (१,१२,८६,५४९.९८) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका | | ८४,८२,८०९.७८ | | ८४,८२,८०९.७८ | ६०,०८,४७०.१८ | | ६०,०८,४७०.१८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी /दाखिला गर्न बाकी | | १,००,१०९.०० | | १,००,१०९.०० | -२४,७८८.०० | | -२४,७८८.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ५३,६४,४४०.१४ | | ५३,६४,४४०.१४ | (५२,७८,०७९.८०) | | (५२,७८,०७९.८०) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | २,६३,४८,४७२.६६ | | २,६३,४८,४७२.६६ | ३,०९,०४,९६९.१५ | | ३,०९,०४,९६९.१५ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,१७,१२,९१२.८० | | ३,१७,१२,९१२.८० | २,५६,२६,८८९.३५ | | २,५६,२६,८८९.३५ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण

गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।